# आर्थिक वर्ष २०७७/७८ मा सञ्चालित नीति तथा प्रमुख कार्यक्रमहरुको २०७८ आषाढसम्मको

# प्रगति विवरण (सारांश)

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

नतिजा व्यवस्थापन महाशाखा

सिंहदरबार, काठमाण्डौ

आश्विन, २०७८

# विषयसूची


१. पृष्ठभूमि.......................................................................................................................................१

२. क्रियाकलाप तथा माइलस्टोनको प्रगति स्थिति..........................................................................२

३. क्षेत्रगत प्रगति स्थिति ..............................................................................................................३

३.१ आर्थिक क्षेत्र.........................................................................................................................३

३.२ पूर्वाधार क्षेत्र...................................................................................................................... ८

३.३ सामाजिक क्षेत्र..................................................................................................................१४

३.४ शासकीय सुधार क्षेत्र...........................................................................................................१९

४. खर्च सम्बन्धी प्रगति ...........................................................................................................२४

५. निष्कर्ष तथा सुझाव ............................................................................................................ ३१

## १. पृष्ठभूमि

आवधिक योजनाको कार्यान्वयनका लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम एवं वार्षिक बजेटद्वारा निर्धारित कार्यक्रम तथा आयोजनाहरुलाई सम्बन्धित मन्त्रालय तथा निकायहरुबाट वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्ने व्यवस्था छ। वार्षिक कार्ययोजना तयार गर्दा मन्त्रालय तथा निकायहरुले सञ्चालन गर्ने क्रियाकलाप, सो क्रियाकलापसँग सम्बन्धित कार्यालयका माइलस्टोन तथा सोको कार्यान्वयनपश्चात मन्त्रालय/निकायहरूले आवधिक रुपमा हासिल गर्ने नतिजा सूचकहरुको खाका समेत निर्धारण गरिएको छ। यसरी सम्पादित क्रियाकलाप तथा माइलस्टोनको प्रगति प्रतिवेदन गर्न एकीकृत अनुगमन प्रणाली कार्यान्वयनमा ल्याइएको छ। उक्त प्रणालीमा प्राप्त विवरणहरुमा आधारित रही आवधिक रूपमा प्रतिवेदन तयार गर्ने गरिएको छ।

यस प्रणालीले अनुगमन पद्धतिलाई नतिजामा आधारित बनाई निर्धारित लक्ष्य हासिल गर्न सघाउ पुऱ्याएको छ। साथै, विभिन्न निकायहरुबाट हुने अनुगमनको समेत अनुगमन गरी निर्णायक तहसम्म कार्यसम्पादनको वस्तुगत जानकारी, कार्यसम्पादनमा देखिएका समस्या र त्यसको समाधानको उपाय पहिल्याउन समेत सहयोग पुगेको छ।

आर्थिक वर्ष २०७८/७९ मा कोभिड-१९ को महामारीका कारण आर्थिक, सामाजिक क्रियाकलापहरुमा संकुचन आएकोले अपेक्षित लक्ष्यहरु हासिल हुन सकेनन्। आवागमनको अवरुद्ध अवस्था एवम् स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरी आर्थिक, सामाजिक क्रियाकलापहरु सञ्चालन गर्दा नतिजामा गम्भिर असर देखिएको छ। त्यसैगरी लामो समयसम्म संघीय संसदका क्रियाकलापहरु सुचारु नहुँदा नीति निर्माणका कार्यमा समेत अपेक्षित नतिजा हासिल हुन सकेन।

यस प्रतिवेदनमा आर्थिक वर्ष २०७७।७८ को आषाढसम्मको नतिजा सूचकहरुको प्रगति स्थिति, क्रियाकलाप तथा माइलस्टोनको प्रगति स्थिति, मन्त्रालयहरुबाट यस आर्थिक वर्षमा हासिल भएका तथा हुनुपर्ने मुख्य क्रियाकलाप तथा माइलस्टोनको प्रगति र मन्त्रालय तथा निकायहरूको बजेट खर्चको स्थिति समेटिएको छ। प्रतिवेदनमा प्रस्तुत गरिएका तथ्याङ्क एवम् विवरणहरु विषयगत मन्त्रालय/निकायहरुबाट एकीकृत अनुगमन प्रणालीमा प्रविष्ट गरिएका विवरण र महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त खर्चसम्बन्धी विवरणहरूमा आधारित रहेका छन्।

## २. क्रियाकलाप तथा माइलस्टोनको प्रगति स्थिति

आर्थिक वर्ष २०७७।७८ मा निर्धारित सबै मन्त्रालयका गरी कूल १११३ क्रियाकलाप तथा २१०० माईलस्टोन निर्धारण गरिएका थिए। यसमध्ये आषाढ मसान्तसम्म ५२ प्रतिशत क्रियाकलाप र ५९.३ प्रतिशत माइलस्टोन सम्पन्न भएका छन्। त्यसैगरी ४६.९ प्रतिशत क्रियाकलाप र ३७.२ प्रतिशत माइलस्टोन कार्यानव्यनको चरणमा छन् भने १.१ प्रतिशत क्रियाकलाप तथा ३.५ प्रतिशत माइलस्टोन आर्थिक वर्षको अन्त्यसम्म पनि शुरु हुन सकेका छैनन्। क्रियाकलाप र माइलस्टोनको कार्यान्वयनको समग्र प्रगति स्थितिलाई तालिका १ मा प्रस्तुत गरिएको छः-

**तालिका -१**

**क्रियाकलाप तथा माइलस्टोनको आषाढसम्मको कार्यान्वयन स्थिति**


| विषय | कूल संख्या | २०७८ आषाढसम्म | | | |
|---|---|---|---|---|---|
| | | सम्पन्न हुनुपर्ने | सम्पन्न | चालु | शुरु नभएका |
| क्रियाकलाप | १११३ | १११३ | ५७९ | ५२२ | १२ |
| माइलस्टोन | २१०० | २१०० | १२४५ | ७८१ | ७४ |


(स्रोतः एकीकृत अनुगमन प्रणाली, प्र.म. तथा म.प.कार्यालय)

मन्त्रालयहरूले आषाढ महिनासम्म शुरु वा सम्पन्न गर्नुपर्ने क्रियाकलाप तथा माइलस्टोनको हासिल प्रगति प्रतिशत लेखाचित्र-१ मा प्रस्तुत गरिएको छः-

**लेखाचित्र-१**

**क्रियाकलाप तथा माईलस्टोनहरुको आषाढसम्मको प्रगति स्थिति**



# ३. क्षेत्रगत प्रगति स्थिति

## ३.१ आर्थिक क्षेत्र

आर्थिक क्षेत्र अन्तर्गत अर्थ, कृषि तथा पशुपंछी विकास, उद्योग, वाणिज्य तथा आपूर्ति, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, वन तथा वातावरण र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण रहेका छन्। यस समूह अन्तर्गतका मन्त्रालयहरुको कार्यसम्पादन सूचकहरु, क्रियाकलाप तथा माइलस्टोनहरुको प्रगति स्थिति सारांश देहाय बमोजिम प्रस्तुत गरिएको छ।

### (क) प्रमुख कार्यसम्पादन सूचकहरुको प्रगति स्थिति

यस क्षेत्रका मुख्य कार्यसम्पादन सूचकहरुको प्रगति स्थितिलाई देहाय बमोजिम रहेको छ।

**तालिका २**

**आर्थिक क्षेत्रका कार्यसम्पादन सूचकहरुको प्रगति स्थिति**

| क्र.सं. | नतिजा सूचक | दिगो विकास लक्ष्य नं. | समीक्षा अवधि | भार | एकाइ | बेसलाइन | वार्षिक लक्ष्य | आषाढसम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| १ | आर्थिक वृद्धि | ८ | बार्षिक | ५ | प्रतिशत | २.२७ | ७ | ४.०१ |
| २ | समग्र पूँजीगत खर्च | ८.१ | मासिक | ५ | रु अर्ब | २३९ | ३५२ | २२८.३७ |
| ३ | राजस्व परिचालन | १७.१ | मासिक | २० | रु अर्ब | ८४१ | १०११ | ९७८.७४ |
| ४ | वैदेशिक सहायताको परिचालन | १७.३ | मासिक | १० | रु अर्ब | १५३ | ३६० | २२५.३ |
| ५ | मुद्रास्फिति | ८.१ | मासिक | ५ | प्रतिशत | ६.२ | ७ | ४.५ |
| ६ | विदेशी विनिमय संचिति | ८ | मासिक | ५ | रु अर्ब | १२३५ | १३०० | १३६५.६ |
| ७ | खाद्यान्न उत्पादन | २.३.१ | बार्षिक | ५ | मे.टन (हजारमा) | १०९१४ | ११०३५ | |
| ७.१ | धान | २.३.१ | मासिक | १० | मे.टन (हजारमा) | ५५५० | ५६०० | ५६२१.७ |
| ७.२ | मकै | २.३.१ | मासिक | १० | मे.टन (हजारमा) | २८९४ | २९०० | २९२६.९ |
| ७.३ | गहुँ | २.३.१ | मासिक | १० | मे.टन (हजारमा) | २१८५ | २३०० | २००९.८ |
| ८ | तरकारी | २.३ | मासिक | ५ | मे.टन (हजारमा) | ४०८९ | ४२८० | ४१९६.२ |
| ९ | दूध | २.३ | मासिक | ५ | मे.टन (हजारमा) | २०६० | २३६० | २४२३ |

| क्र.सं. | नतिजा सूचक | दिगो विकास लक्ष्य नं. | समीक्षा अवधि | भार | एकाइ | बेसलाइन | वार्षिक लक्ष्य | आषाढसम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| १० | मासु | २.२ | मासिक | ५ | मे.टन (हजारमा) | ३५० | ३९६ | ५५७ |
| ११ | थप रोजगारी सिर्जना (कृषि) | ८ | मासिक | ५ | जना (हजारमा) | | ३२० | |
| १२ | ठुला उद्योग दर्ता | ९.२ | मासिक | ५ | संख्या | ५३ | ७० | ४२ |
| १३ | मझौला उद्योग दर्ता | ९.२ | मासिक | ५ | संख्या | ११८ | १४० | ४९ |
| १४ | घरेलु तथा साना उद्योग दर्ता | ९.३ | मासिक | ५ | संख्या (हजारमा) | ३५ | ५५ | ४६.३ |
| १५ | ठूला, मझौला, साना, घरेलु एवं लघु उद्यमी सिर्जना कार्यक्रमबाट थप रोजगारी सिर्जना (उद्योग) | ९.२ | बार्षिक | १० | जना (हजारमा) | १६० | २१० | १४०.४ |
| १६ | कम्पनी दर्ता | ९.२ | मासिक | ५ | संख्या (हजारमा) | १७ | २० | २६.५ |
| १७ | कूल निकासी | १७.११ | मासिक | ५ | रू. अर्ब | ८८ | १०० | १४१.१ |
| १८ | कूल आयात | १७.११ | मासिक | ५ | रू. अर्ब | ११०० | १००० | १५३९.८ |
| १९ | वैदेशिक लगानी | १० | मासिक | १० | रू. अर्ब | ३१.३ | ३५ | ३२.२ |
| २० | थप औद्योगिक ग्राम स्थापना | ९.२ | मासिक | ५ | संख्या | ४५ | १३० | ४० |
| २१ | पर्यटक आगमन | ८.९ | मासिक | १० | संख्या (लाखमा) | १२ | ८.५ | २.३० |
| २२ | पर्यटकको बसाई अवधि | ८.९ | बार्षिक | १० | दिन | १२.७ | १२.७ | १५.१ |
| २३ | प्रति पर्यटक प्रतिदिन खर्च | ८.९ | बार्षिक | १० | US $ डलर | ४८ | ४८ | ६५ |
| २४ | विरुवा उत्पादन, खरिद र वितरण | १५.२ | मासिक | १० | गोटा (लाखमा) | २३४.२ | २५० | २१६.१ |
| २५ | वन क्षेत्रबाट राजस्व रकम | १७.१ | मासिक | १० | रु. अर्ब | ५.०१ | ४ | ४.० |
| २६ | काठको उत्पादन | १२.२ | मासिक | १० | क्यु.फिट (लाखमा) | १४३.२ | २२५ | १९४.२ |
| २७ | वायु प्रदुषणको औसत मात्रा (पि पि एम २.५) | ११.६ | मासिक | ५ | माइक्रोग्राम प्रति घन मिटर | ३९.६५ | ४६ | ४७.२ |

| क्र.सं. | नतिजा सूचक | दिगो विकास लक्ष्य नं. | समीक्षा अवधि | भार | एकाइ | बेसलाइन | वार्षिक लक्ष्य | आषाढसम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| २८ | थप रोजगारी सिर्जना (वन) | ८ | मासिक | ५ | जना (हजार) | ५६ | ३९ | ५१.९ |
| २९ | सहकारी संस्थाको कूल बचत वृद्धि | ८.१ | बार्षिक | ५ | रु अर्बमा | ३५१ | ३५८ | ३५२ |
| ३० | सहकारी संस्थाबाट हुने कूल लगानी वृद्धि | ८.१ | बार्षिक | ५ | रु अर्बमा | ३४२ | ३५० | ३४३ |
| ३१ | सहकारी मार्फत् थप प्रत्यक्ष रोजगारी | ८ | चौमासिक | ५ | जना (हजारमा) | ६५.३४ | | |

**(स्रोतः एकीकृत अनुगमन प्रणाली, प्र.म. तथा म.प.कार्यालय)**

## (ख) क्रियाकलापको प्रगति स्थिति

उपर्युक्त मन्त्रालय/निकायहरुमध्ये अर्थ मन्त्रालयका ८४.५ प्रतिशत र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका ७२ प्रतिशत क्रियाकलाप सम्पन्न भएका छन्। वन तथा वातावरण मन्त्रालयका ५० प्रतिशत तथा उद्योग, वाणिज्य तथा आपूर्ति र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका ४७ क्रियाकलाप चालु अवस्थामा रहेका छन्। आर्थिक वर्षको अन्त्यसम्म कृषि तथा पशुपंछी विकास र अर्थ मन्त्रालयका क्रमशः २.७ र २.१ प्रतिशत क्रियाकलाप शुरु हुन सकेका छैनन्। आर्थिक क्षेत्रका क्रियाकलापको समग्र प्रगति स्थिति तालिका-३ मा प्रस्तुत गरिएको छः-

**तालिका ३**

**आर्थिक क्षेत्रका क्रियाकलापको प्रगति स्थिति**


| क्र.सं. | मन्त्रालय/निकाय | कूल | सम्पन्न | | चालु | | शुरू नभएका | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | अर्थ | १४२ | १२० | ८४.५% | १९ | १३.४% | ३ | २.१% |
| २ | कृषि | ७५ | ५४ | ७२.०% | १९ | २५.३% | २ | २.७% |
| ३ | उद्योग | १२३ | ६४ | ५२.०% | ५८ | ४७.२% | १ | ०.८% |
| ४ | पर्यटन | ३४ | १८ | ५२.९% | १६ | ४७.१% | ० | ०.०% |
| ५ | वन | ४८ | २४ | ५०.०% | २४ | ५०.०% | ० | ०.०% |
| ६ | भूमि व्यवस्था | ३९ | २८ | ७१.८% | ११ | २८.२% | ० | ०.०% |
| | कूल | ४६१ | ३०८ | ६६.८% | १४७ | ३१.९% | ६ | १.३% |

**(स्रोतः एकीकृत अनुगमन प्रणाली, प्र.म. तथा म.प.कार्यालय)**

### (ग) माइलस्टोनको प्रगति स्थिति

यस समूहभित्र अर्थ र कृषि तथा पशुपंछी विकास मन्त्रालयका क्रमशः ८५.३ र ८१.३ प्रतिशत माइलस्टोन सम्पन्न भएका छन् भने अन्य मन्त्रालयको माइलस्टोन प्रगति ८० प्रतिशतभन्दा न्यून रहेको छ। गत आर्थिक वर्षभित्र सम्पन्न गर्नुपर्नेमध्ये उद्योग, वाणिज्य तथा आपूर्ति र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका क्रमशः ३८ र ३२.५ प्रतिशत माइलस्टोन चालु रहेका छन्। त्यसैगरी, कृषि तथा पशुपंछी विकास, वन तथा वातावरण र अर्थ मन्त्रालयका क्रमशः ८.२, ३.१ र २ प्रतिशत माइलस्टोन आर्थिक वर्षको अन्त्यसम्म पनि प्रारम्भ हुन नसकेको देखिन्छ। यसबाट गत आर्थिक वर्षभरमा सम्पन्न हुनुपर्ने कतिपय माइलस्टोनको प्रारम्भ सम्म पनि गर्न नसक्नुले मन्त्रालयहरूको वार्षिक लक्ष्य निर्धारण र कार्यसम्पादनमा तादाम्त्यता नमिलेको जस्तो देखिन्छ। यस क्षेत्रका माइलस्टोनको कार्यप्रगति लेखाचित्र २ मा प्रस्तुत गरिएको छः-

**लेखाचित्र २**




आर्थिक क्षेत्र अन्तर्गतका मन्त्रालय तथा निकायहरूको आर्थिक वर्ष २०७७।७८ को लागि वार्षिक कार्ययोजनामा निर्धारण गरिएका कूल ७६९ माइलस्टोनमध्ये सो अवधिमा कूल ५६४ माइलस्टोन मात्र सम्पन्न भएका छन् जुन कूल माइलस्टोनको आधारमा ७३.३ प्रतिशत मात्र हुन आउछ। वार्षिक रूपमा निर्धारण गरिएका करिब तीन चौथाई माइलस्टोनहरू सम्पन्न भएको देखिएतापनि निकायगत रूपमा विश्लेषण गर्दा सम्पन्न माइलस्टोनमध्ये जम्मा ५५ प्रतिशत माइलस्टोन मात्र कार्ययोजनामा निर्धारित समयसीमा भित्रै सम्पन्न भएको देखिन्छ। यसले अपवाद बाहेक मन्त्रालय तथा निकायहरूले कार्यसम्पादन गर्दा आफैले निर्माण गरेको कार्ययोजनामा निर्धारित समयसीमाको समेत परिपालना गर्ने कुरालाई बाध्यकारी रूपमा नलिएको वा कार्यसम्पादन गर्दा वार्षिक रूपमा

स्वीकृत कार्ययोजनालाई वेवास्ता गरेको हो कि भन्ने संशय समेत पैदा गरेको छ। यस समूह अन्तर्गतका निकायहरूको गत आर्थिक वर्षको माइलस्टोनहरूको समयसीमाका आधारमा मन्त्रालयगत सम्पन्न स्थितिलाई देहायको तालिका ४ मा प्रस्तुत गरिएको छः

**तालिका ४**
**समयसीमाका आधारमा माइलस्टोनको सम्पन्न स्थिति**

| क्र.सं. | मन्त्रालय/निकाय | कूल | सम्पन्न | छिटो सम्पन्न | ढिलो सम्पन्न | समयमै सम्पन्न |
|---|---|---|---|---|---|---|
| १ | अर्थ | १५० | १२८ | ० | ३४ | ९४ |
| २ | कृषि | १८२ | १४८ | ० | ८४ | ६४ |
| ३ | उद्योग | २०० | १२० | १ | ६१ | ५८ |
| ४ | पर्यटन | ८० | ५४ | ० | १८ | ३६ |
| ५ | वन | ९६ | ६६ | ६ | २५ | ३५ |
| ६ | भूमि व्यवस्था | ६१ | ४८ | ० | २४ | २४ |
| **कूल** | | **७६९** | **५६४** | **७** | **३११** | **२४६** |
| **प्रगति प्रतिशत** | | | **७३** | **१.२** | **५५.१** | **४३.६** |

(स्रोतः एकीकृत अनुगमन प्रणाली, प्र.म. तथा म.प.कार्यालय)

## ३.२ पूर्वाधार क्षेत्र

पूर्वाधार क्षेत्र अन्तर्गत भौतिक पूर्वाधार तथा यातायात, उर्जा, जलस्रोत तथा सिँचाई, शहरी विकास, खानेपानी, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको रहेका छन्। यस समूह अन्तर्गतका मन्त्रालय तथा निकायहरुको कार्यसम्पादन सूचकहरु, क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

### (क) प्रमुख कार्यसम्पादन सूचकहरुको प्रगति स्थिति

यस क्षेत्रका कार्यसम्पादन सूचकहरुको प्रगति स्थितिलाई देहाय रहेको छः

**तालिका ५**

**पूर्वाधार क्षेत्रका कार्यसम्पादन सूचकहरुको प्रगति स्थिति**

| क्र.सं. | नतिजा सूचक | दिगो विकास लक्ष्य नं. | समीक्षा अवधि | भार | एकाइ | बेसलाइन | वार्षिक लक्ष्य | आषाढसम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| १ | कालो पत्रे सडक (दुई लेन) | ९.१ | मासिक | १० | कि.मि. | १५४९५ | १६७९५ | १६६८५ |
| २ | ग्राभेल सडक | ९.१ | मासिक | १० | कि.मि. | ८७४४ | ८४४४ | ८००५ |
| ३ | माटे सडक (ट्र्याक निर्माण) | ९.१ | मासिक | ५ | कि.मि. | ८९९० | ८४४० | ८५१८ |
| ४ | पुल निर्माण | ९.१ | मासिक | ५ | वटा | २४९६ | २७९६ | २७२० |
| ५ | रेल मार्ग (ट्र्याक निर्माण) | ९.१ | मासिक | ५ | कि.मि. | ५१ | ६८ | ६९ |
| ६ | थप रोजगारी सिर्जना (सडक) | ८ | मासिक | ५ | जना हजारमा | ४५ | ५५ | ५५ |
| ७ | थप जग्गामा सिंचाइ सुविधा (संघीयस्तर मात्र) | २.४ | मासिक | २.५ | हेक्टर (हजारमा) | १४७८ | १५०८ | १५०९ |
| ८ | ठूला तथा मझौला नदीमा तटबन्ध निर्माण | १५.३ | मासिक | २.५ | कि.मि. | १०६० | ११९० | १२०९ |
| ९ | जल विद्युत् उत्पादन क्षमता | ७.२.१ | मासिक | १० | मे.वा. | १३९७ | ३००० | १६८५.५ |
| १० | प्रसारण लाइन निर्माण (६६ के.भि. भन्दा बढी) | ७.२ | मासिक | १० | स.कि.मि. | ४२५२ | ५७३० | ४७६५ |
| ११ | ३३ के भि प्रसारण लाईन विस्तार | ७.२ | मासिक | २.५ | कि.मि. | ५१८५ | ६००० | ५७६८ |
| १२ | राष्ट्रिय विद्युत् प्रणालीबाट | ७.१.१ | मासि | २.५ | प्रतिशत | ९०.०१ | ९६ | ९३ |

| क्र.सं. | नतिजा सूचक | दिगो विकास लक्ष्य नं. | समीक्षा अवधि | भार | एकाइ | बेसलाइन | वार्षिक लक्ष्य | आषाढसम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| | विद्युत्मा पहुंच प्राप्त गर्ने जनसंख्या | | क | | | | | |
| १३ | प्रतिव्यक्ति विद्युत् खपत | ७.१.१.३ | मासिक | २.५ | कि.वा. घण्टा | २६० | ३५० | ३२५ |
| १४ | विद्युत् चुहावट (प्रसारण तथा वितरण) | ७ | मासिक | २.५ | प्रतिशत | १४.०७ | १३.५ | १६.९३ |
| १५ | सिंचाइयोग्य भूमिमध्ये वर्षैभर सिंचाइ सुविधा पुगेको भूमि | २.४.३ | मासिक | ५ | हेक्टर (हजारमा) | ५०२ | ५४३ | ५१४ |
| १६ | थप रोजगारी सिर्जना (सिंचाई) | ८ | मासिक | ५ | जना (हजारमा) | ३२.८ | ६८ | |
| १७ | सुरक्षित नागरिक आवास निर्माण (थप) | ११.१.१ | मासिक | १५ | संख्या (हजारमा) | ३४ | १५० | ३७.३ |
| १८ | | | | | | | | |
| | संघीय संसदको भवन निर्माण | १६ | चौमासिक | ७.५ | भौ.प्र.(%) | १५ | ५८ | ३२.५ |
| | प्रधानमन्त्री सरकारी आवास निर्माण | १६ | चौमासिक | ७.५ | भौ.प्र.(%) | २२ | ९५ | ८२ |
| | मन्त्री आवास निर्माण | १६ | चौमासिक | ७.५ | भौ.प्र.(%) | २२.५ | ९० | ६३ |
| | प्रदेश प्रमुख तथा मुख्यमन्त्रीका लागि आवास निर्माण | १६ | चौमासिक | ७.५ | भौ.प्र.(%) | १० | ८० | ५७ |
| | ३००० व्यक्ति क्षमताको सभाहल (गोदावरी) | १६ | वार्षिक | ७.५ | भौ.प्र.(%) | ६५ | १०० | १०० |
| | १२०० क्षमताको सभाहल (बुटवल) | १६ | वार्षिक | ७.५ | भौ.प्र.(%) | १५ | १०० | ६७ |
| | ५००० व्यक्ति क्षमताको बहुउदेश्यीय सम्मेलन केन्द्र निर्माण | १६ | वार्षिक | ५ | प्रतिशत | | | |
| १९ | थप रोजगारी सिर्जना (शहरी विकास) | ८ | मासिक | ५ | जना (हजारमा) | ४९ | २३ | ३२ |
| २० | आधारभूतस्तरको खानेपानी सेवाबाट लाभान्वित जनसंख्या | ६.१.१ | चौमासिक | २० | प्रतिशत | ९१ | ९४ | ९४ |
| २१ | उच्च मध्यमस्तरको | ६.१.१ | चौमा | १५ | प्रतिशत | २३ | ३२ | |

| क.सं. | नतिजा सूचक | दिगो विकास लक्ष्य नं. | समीक्षा अवधि | भार | एकाइ | बेसलाइन | वार्षिक लक्ष्य | आषाढसम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| | खानेपानी सेवाबाट लाभान्वित जनसंख्या | | सिक | | | | | |
| २२ | थप रोजगारी सिर्जना (खानेपानी) | ८ | मासिक | १० | जना (हजारमा) | ५१.४ | ५४.३ | ०.७२६ |
| २३ | इन्टरनेट ग्राहकको घनत्व | १७.६.२.१ | मासिक | १० | प्रतिशत | ६५ | ८० | ९०.५ |
| २४ | सबै स्थानीय तहको केन्द्रमा ब्रोन्डब्यान्ड इन्टरनेट पहुँच | १६ | मासिक | ५ | संख्या | ४४७ | ७५३ | ७१३ |
| २५ | सबै स्थानीय तहको वडा कार्यालयमा ब्रोन्डब्यान्ड इन्टरनेट पहुँच | १६ | मासिक | ५ | संख्या | ३७३८ | ६७४३ | ६०४० |
| २६ | सबै स्वास्थ्य केन्द्रहरुमा ब्रोडव्याण्ड इन्टरनेट पहुँच | १६ | मासिक | ५ | संख्या | २६०० | ४५०४ | ४०१५ |
| २७ | सबै सामुदायिक माध्यमिक विद्यालयमा ब्रोडव्याण्ड इन्टरनेट पहुँच | ४.२ | मासिक | ५ | संख्या | ३०४८ | ५८०१ | ५१७९ |
| २८ | रोजगारी सिर्जना (सञ्चार) | ८ | मासिक | ५ | जना (हजारमा) | | १०५ | |
| २९ | विद्यालय/विश्वविद्यालय पुनःनिर्माण | १६ | चौमासिक | १० | संख्या | ६०१८ | १५३५ | १६१ |
| ३० | निजी आवास निर्माण सम्पन्न भएका घर | ११.१ | चौमासिक | २० | संख्या (हजारमा) | ५०८ | २८२ | ३६ |
| ३१ | पुरातात्विक सम्पदा पुनःनिर्माण | ११.४ | चौमासिक | १० | संख्या | ४५३ | १५० | २५ |

**(स्रोतः एकीकृत अनुगमन प्रणाली, प्र.म. तथा म.प.कार्यालय)**

### (ख) क्रियाकलापको प्रगति स्थिति

यस क्षेत्रअन्तर्गत सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका ४८.७ प्रतिशत क्रियाकलाप सम्पन्न भएका छन् भने अन्य मन्त्रालयहरूको क्रियाकलाप सम्पन्न प्रगति २० प्रतिशतभन्दा न्यून रहेको छ। जसमध्ये भौतिक पूर्वाधार तथा यातायात, उर्जा, जलस्रोत तथा सिँचाई, शहरी विकास र खानेपानी मन्त्रालयका यस वर्षका लागि निर्धारित क्रियाकलाप मध्ये करिब ८५ प्रतिशत क्रियाकलाप चालु अवस्थामा रहेका छन्। यस कार्यालयको एकीकृत अनुगमन प्रणालीमा प्राप्त विवरण अनुसार सञ्चार

तथा सूचना प्रविधि मन्त्रालयका २.६ प्रतिशत क्रियाकलाप आर्थिक वर्षको अन्त्यसम्म पनि शुरु हुन नसकेको देखिन्छ। फलस्वरूप मन्त्रालय तथा निकायहरूले पूर्वनिधारित भौतिक तथा वित्तीय लक्ष्यअनुरूप प्रगति हासिल गर्न सकेको देखिदैन। यसबाट शासन, विकास र सेवा प्रवाहका समग्र गतिविधिहरू प्रभावित हुन पुगेका छन्। यस क्षेत्रका क्रियाकलापको प्रगति स्थिति तालिका ६ मा देखाइएको छ।

**तालिका ६**

**पूर्वाधार क्षेत्रका क्रियाकलापको प्रगति स्थिति**

| क्र.सं. | मन्त्रालय/निकाय | कूल | सम्पन्न | | चालु | | शुरू नभएका | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | भौतिक पूर्वाधार तथा यातायात | ६४ | ९ | १४.१% | ५५ | ८५.९% | ० | ०.०% |
| २ | ऊर्जा | ६५ | १० | १५.४% | ५५ | ८४.६% | ० | ०.०% |
| ३ | शहरी विकास | ३० | ४ | १३.३% | २६ | ८६.७% | ० | ०.०% |
| ४ | खानेपानी | २२ | ३ | १३.६% | १९ | ८६.४% | ० | ०.०% |
| ५ | सञ्चार | ३९ | १९ | ४८.७% | १९ | ४८.७% | १ | २.६% |
| ६ | पुनःनिर्माण | ६२ | १० | १६.१% | ५२ | ८३.९% | ० | ०.०% |
| | कूल | २८२ | ५५ | १९.५% | २२६ | ८०.१% | १ | ०.४% |


(स्रोतः एकीकृत अनुगमन प्रणाली, प्र.म. तथा म.प.कार्यालय)

### (ग) माइलस्टोनको प्रगति स्थिति

यस समूहका मन्त्रालय तथा निकायहरूको कार्यसम्पादनको अवस्था विश्लेषण गर्दा सञ्चार तथा सूचना प्रविधि र खानेपानी मन्त्रालयका निर्धारित माइलस्टोनहरु मध्ये क्रमशः ६६.३ र ४७.४ प्रतिशत माइलस्टोन मात्र सम्पन्न भएको देखिन्छ। अन्य मन्त्रालय तथा निकायहरूको प्रगति औषतमा ३० प्रतिशतभन्दा न्यून रहेको देखिन्छ। आर्थिक वर्ष २०७७।७८ का पूर्वनिर्धारित वार्षिक माइलस्टोनमध्ये भौतिक पूर्वाधार तथा यातायात र उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयका क्रमशः ८० र ७० प्रतिशत माइलस्टोन आर्थिक वर्षको अन्त्यसम्म पनि चालु अवस्थामै रहेका छन्। त्यसैगरी, शहरी विकास र खानेपानी मन्त्रालयका क्रमशः ६३.५ र ४७.४ प्रतिशत माइलस्टोनको कार्य चालु रहेको छ। आर्थिक वर्षको अन्त्यसम्म सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका क्रमशः १०.५ र ९.८ प्रतिशत माइलस्टोन प्रारम्भ समेत हुन नसकेको

देखिन्छ। आर्थिक वर्षको पूँजीगत खर्चतर्फको जम्मा विनियोजित रकममध्ये करिब ७० प्रतिशत पूँजीगत खर्च ओगट्ने यस क्षेत्र अन्तर्गतका मन्त्रालय तथा निकायहरूको कमजोर कार्यसम्पादन नै न्यून पूँजीगत खर्च हुनुको कारणहरूमध्ये एक प्रमुख कारण भएको उपरोक्त तथ्यहरूबाट पुष्टि हुन आउछ। यस क्षेत्रका माइलस्टोनको कार्यप्रगति लेखाचित्र ३ मा प्रस्तुत गरिएको छः-

**लेखाचित्र ३**




(स्रोतः एकीकृत अनुगमन प्रणाली, प्र.म. तथा म.प.कार्यालय)

पूर्वाधार क्षेत्र अन्तर्गतका मन्त्रालय तथा निकायहरूको आर्थिक वर्ष २०७७।७८ को लागि वार्षिक कार्ययोजनामा निर्धारण गरिएका कूल ६६० वटा माइलस्टोनमध्ये सो अवधिमा जम्मा २३३ वटा माइलस्टोन मात्र सम्पन्न भएका छन्, जुन कूल माइलस्टोनको आधारमा हेर्दा ३५.३ प्रतिशत मात्र हुन आउछ। यस क्षेत्र अन्तर्गतका निकायहरूमध्ये सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले वार्षिक रूपमा निर्धारित माइलस्टोनमध्ये १२ वटा माइलस्टोन पूर्वनिर्धारित समय अगावै सम्पन्न गरेको देखिन्छ, जुन यस क्षेत्रका कूल माइलस्टोनको ५.२ प्रतिशत हुन आउछ। एकातर्फ वार्षिक रूपमा ठूलो पूँजीगत रकम विनियोजन हुने मन्त्रालय तथा निकायहरूका वार्षिक रूपमा निर्धारित कूल माइलस्टोनमध्ये एक तिहाई मात्र पूरा हुनु र अर्कोतर्फ सम्पन्न माइलस्टोनमध्ये पनि ४०.३ प्रतिशत माइलस्टोन निर्धारित समयभन्दा ढिलो मात्र सम्पन्न भएको देखिनुले मन्त्रालय तथा निकायहरूले वार्षिक रूपमा तर्जुमा गर्ने बजेट कार्यान्वयन कार्ययोजना निर्माणको गृहकार्य (मन्त्रालय तथा मातहत तहसम्म) नपुगेको हो वा यसरी निर्माण गरिएको वार्षिक बजेट कार्यान्वयन कार्ययोजनाप्रति सम्बन्धित मन्त्रालय, निकाय, आयोजना प्रमुखहरूको अपनत्व सिर्जना नभएको भन्ने कुरामा सम्बन्धित

सरोकारवाला निकायहरूको साथसाथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पनि उचित ध्यानाकर्षण हुनु जरूरी देखिन्छ।

समग्र रूपमा विश्लेषण गर्दा नेपाल सरकारको वार्षिक रूपमा विनियोजन पूँजीगत रकममध्ये औषत खर्च ६५ देखि ७० प्रतिशतमै सिमित हुनुको अर्को प्रमुख कारण भौतिक निर्माणसँग सम्बन्धित मन्त्रालयहरूको कार्यसम्पादनमा चुस्तता नदेखिनु पनि हो। वार्षिक रूपमा खर्च भएको पूँजीगत रकममध्ये आषाढ महिनामा मात्र  आर्थिक वर्षको जेठ महिनासम्म भएको कूल पूँजीगत खर्चभन्दा पनि बढी भएको तथ्यलाई आषाढ महिनामा मात्र सम्पन्न भएका यस समूहका माइलस्टोन (१०३) जुन समूहका कूल माइलस्टोनको १५.६ प्रतिशत हुन आउछ, यसले समेत थप पुष्टि गर्दछ। वार्षिक कार्ययोजना तर्जुमा तथा त्यस पश्चातका छलफलहरुमा समेत मन्त्रालय तथा निकायहरूलाई आफ्ना विकास निर्माण तथा कार्यक्रमहरू (अपवाद बाहेक) लाई जेठभित्र सम्पन्न गर्ने गरी समयसीमा निर्धारण गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट अनुरोध गर्ने गरिएको उपर्युक्त विषयमा गम्भीरता नभएको जस्तो देखिन्छ। निर्धारित समयसीमाको पालनामा कमजोर रहेको कारणले कामको गुणस्तर र खर्चको व्यवस्थापनमा समेत चाप परेको देखिन्छ। यस समूह अन्तर्गतका निकायहरूको गत आर्थिक वर्षको माइलस्टोनहरूको समयसीमाका आधारमा मन्त्रालयगत सम्पन्न स्थितिलाई देहायको तालिका ७ मा प्रस्तुत गरिएको छः

**तालिका ७**

**समयसीमाका आधारमा माइलस्टोनको सम्पन्न स्थिति**

| क्र.सं. | मन्त्रालय/निकाय | कूल | सम्पन्न | छिटो सम्पन्न | ढिलो सम्पन्न | समयमै सम्पन्न |
|---|---|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार | ९९ | २० | ० | ५ | १५ |
| २ | ऊर्जा | २१२ | ६३ | ० | २७ | ३६ |
| ३ | शहरी विकास | ७४ | २६ | ० | २ | २४ |
| ४ | खानेपानी | ५७ | २७ | ० | ८ | १९ |
| ५ | सञ्चार | ८६ | ५७ | १२ | ३५ | १० |
| ६ | पुनःनिर्माण | १३२ | ४० | ० | १७ | २३ |
| **कूल** | | ६६० | २३३ | १२ | ९४ | १२७ |
| **प्रगति प्रतिशत** | | | ३५ | ५.२ | ४०.३ | ५४.५ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली, प्र.म. तथा म.प.कार्यालय)

## ३.३ सामाजिक क्षेत्र

सामाजिक क्षेत्र अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि, स्वास्थ्य तथा जनसंख्या, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, युवा तथा खेलकुद र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय रहेका छन्। यस समूह अन्तर्गतका मन्त्रालयहरुको कार्यसम्पादन सूचकहरु, क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

### क) प्रमुख कार्यसम्पादन सूचकहरुको प्रगति स्थिति

यस क्षेत्रका कार्यसम्पादन सूचकहरुको प्रगति स्थितिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

**तालिका-८**

**सामाजिक क्षेत्रका कार्यसम्पादन सूचकहरुको प्रगति स्थिति**

| क्र.सं. | नतिजा सूचक | दिगो विकास लक्ष्य नं. | समीक्षा अवधि | भार | एकाइ | बेसलाइन | वार्षिक लक्ष्य | आषाढ सम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| १ | पूर्व प्राथमिक शिक्षामा सहजै देखिने भर्ना दर | ४.२.२.२ | बार्षिक | ५ | प्रतिशत | ८६.२ | ८९.५ | ८७.६ |
| २ | खूद भर्ना दर, माध्यमिक तह (कक्षा ९-१२) | ४.१.१ | बार्षिक | ५ | प्रतिशत | ४७.६ | ५३ | ५१.२ |
| ३ | आधारभूत तह कक्षा १ देखि ८ पूरा गर्ने दर | ४.१.१.३ | बार्षिक | ५ | प्रतिशत | ७२.७ | ७५.३ | ७५.३ |
| ४ | टिकाउ दर कक्षा १-८ सम्म | ४.१.१.७ | बार्षिक | ५ | प्रतिशत | ७९.३ | ९२. | ८२.२ |
| ५ | टिकाउ दर कक्षा ९-१२ सम्म | ४.१.१.७ | बार्षिक | ५ | प्रतिशत | २४ | २५ | २९.२ |
| ६ | नयां कक्षा कोठा निर्माण | ४क | वार्षिक | ५ | संख्या (हजारमा) | १०३.४ | १०६ | |
| ७ | प्राविधिक तथा व्यावसायिक शिक्षा पुगेका स्थानीय तह | ४.३ | मासिक | ५ | संख्या | ६०७ | ७५३ | ६३५ |
| ८ | थप रोजगारी सिर्जना (शिक्षा) | ८ | मासिक | १० | संख्या (हजारमा) | | ७५ | ८८ |
| ९ | दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती | ३.१ | मासिक | १० | जना | ८३ | ८५ | १०३ |

| क्र.सं. | नतिजा सूचक | दिगो विकास लक्ष्य नं. | समीक्षा अवधि | भार | एकाइ | बेसलाइन | वार्षिक लक्ष्य | आषाढ सम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| | तथा सुत्केरी महिलाको हवाई उद्धार | | | | | | | |
| १० | हराएर फेला परेका, वेवारिसे फेला परेका र जोखिममा परेका बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन | १६.२ | मासिक | १५ | जना | ३५०० | ३००० | ३८०७ |
| ११ | युवा स्वरोजगार कोषबाट थप स्वरोजगार सिर्जना | ८ | मासिक | १५ | जना (हजारमा) | ५.२ | १२ | ५.७६६ |
| १२ | श्रम अडिट | ८.८ | मासिक | १० | प्रतिष्ठान संख्या | १६५३ | ३००० | २३१३ |
| १३ | सामाजिक सुरक्षा कोषमा लाभग्राहीको संख्या | १.३ | मासिक | १० | संख्या हजारमा | १६९ | ५०० | १७७ |
| १४ | सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान/रोजगारदाताको संख्या | ८ | मासिक | १५ | संख्या हजारमा | ६.९ | ५० | १४.९ |
| १५ | योगदानमा आधारित सामाजिक सुरक्षामा आवद्ध प्रतिष्ठानमा सम्बद्ध श्रमिक | ८.८ | मासिक | १० | प्रतिशत | ३० | ५० | ६४.६ |
| १६ | थप रोजगारी सिर्जना (सार्वजनिक, निजी, विशेष र प्रधानमन्त्री रोजगार कार्यक्रम समेत) | ४.४ | मासिक | १० | जना (हजारमा) | ५०० | ६०० | १६१.५ |
| १७ | स्वास्थ्य संस्थाबाट प्रसुति सेवा लिने | ३.८.१ख | मासिक | ५ | प्रतिशत | ६१.४ | ६९ | ५९ |
| १८ | चौथो पटकसम्म गर्भवती जाँच गर्ने | ३.८.१क | मासिक | ५ | प्रतिशत | ५६ | ७२ | ५१.२ |
| १९ | दक्ष स्वास्थ्यकर्मीद्धारा प्रसुती सेवा प्राप्त गर्ने | ३.१.२ | मासिक | ५ | प्रतिशत | ६० | ७० | ५५.२ |
| २० | तोकिए बमोजिम सबै खोप प्राप्त बालबालिका | ३ख.१ | मासिक | ५ | प्रतिशत | ६४.७ | ९३ | ७४.३ |
| २१ | ५ देखि १५ शय्याको आधारभूत अस्पताल भएका थप स्थानीय तह | ३ | मासिक | ५ | संख्या | ० | २७२ | ४५० |

| क्र.सं. | नतिजा सूचक | दिगो विकास लक्ष्य नं. | समीक्षा अवधि | भार | एकाइ | बेसलाइन | वार्षिक लक्ष्य | आषाढ सम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| २२ | स्वास्थ्य बीमा कार्यक्रम सञ्चालित स्थानीय तह | ३.८ | मासिक | १० | संख्या | ५५१ | ७५३ | ७३६ |
| २३ | पूर्ण खोप सेवा वडा घोषणा भएका स्थानीय तह | ३ख.१ | मासिक | ५ | संख्या | ६७१ | ७५३ | ६९७ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली, प्र.म. तथा म.प.कार्यालय)

## (ख) क्रियाकलापको प्रगति स्थिति

यस क्षेत्रसंग सम्बन्धित मन्त्रालयहरुमध्ये श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका ८१.२ प्रतिशत र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका ५७.७ प्रतिशत क्रियाकलाप सम्पन्न भएका छन्। त्यसैगरी, युवा तथा खेलकुद र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका क्रमशः ६२.५ र ५७.६ प्रतिशत क्रियाकलाप चालु अवस्थामै रहेको देखिन्छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका ४९ प्रतिशत क्रियाकलाप चालु अवस्थामा रहेका छन् भने यस समूह अन्तर्गत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका १.८ प्रतिशत क्रियाकलाप आर्थिक वर्षको अन्त्यसम्म पनि प्रारम्भ हुन सकेको देखिदैन। आर्थिक वर्षको प्रथम र दोस्रो चौमासिकभित्रै सम्पन्न हुनुपर्ने कार्यहरू आर्थिक वर्षको अन्त्यसम्म पनि प्रारम्भ हुन नसक्नु तथा प्रारम्भ भएका क्रियाकलापमा समेत औषतमा ५० प्रतिशत प्रगति पनि हासिल हुन नसक्नुबाट सरकारको नीति तथा कार्यक्रम तथा वार्षिक बजेटले निर्धारण गरेको लक्ष्य हासिल भएको देखिदैन।यसरी एक वर्षको लागि  निर्धारित निर्धारित क्रयाकलापहरु सोही वर्षमा नै समाप्त नहुनुमा कार्यक्रमको तर्जुमा र विनियोजन दक्षतामा कमजोरी रहेको देखिन्छ। सामाजिक क्षेत्रका क्रियाकलापसम्बन्धी थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः-

### तालिका-९
### सामाजिक क्षेत्रका क्रियाकलापको प्रगति स्थिति


| क्र.सं. | मन्त्रालय/निकाय | कूल | सम्पन्न | | चालु | | शुरू नभएका | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | शिक्षा | ३३ | १४ | ४२.४% | १९ | ५७.६% | ० | ०.०% |
| २ | स्वास्थ्य | ५५ | २७ | ४९.१% | २७ | ४९.१% | १ | १.८% |
| ३ | महिला | २६ | १५ | ५७.७% | ११ | ४२.३% | ० | ०.०% |
| ४ | युवा | २४ | ९ | ३७.५% | १५ | ६२.५% | ० | ०.०% |
| ५ | श्रम | ३२ | २६ | ८१.३% | ६ | १८.८% | ० | ०.०% |
| कूल | | १७० | ९१ | ५३.५% | ७८ | ४५.९% | १ | ०.६% |

(स्रोतः एकीकृत अनुगमन प्रणाली, प्र.म. तथा म.प.कार्यालय)

**(ग) माइलस्टोनको प्रगति स्थिति**

यस समूहभित्र आषाढसम्म शुरु वा सम्पन्न हुनुपर्ने माइलस्टोनका आधारमा विश्लेषण गर्दा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका करिब ८४ प्रतिशत माइलस्टोन सम्पन्न भएका छन् भने महिला, बालबालिका तथा ज्येष्ठ नागरिक र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका क्रमशः ६९.२ र ६२ प्रतिशत माइलस्टोन मात्र सम्पन्न भएको देखिन्छ। सामाजिक क्षेत्र अन्तर्गत युवा तथा खेलकुद र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका क्रमशः ५८.५ र ४४ प्रतिशत माइलस्टोन चालु अवस्थामा रहेको देखिन्छ। आर्थिक वर्षको अन्त्यसम्मको मन्त्रालयहरूको कार्यसम्पादन प्रगतिको प्राप्त विवरण अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका १०.५ प्रतिशत माइलस्टोनको कुनै पनि प्रगति हासिल भएको देखिदैन। यसबाट उक्त मन्त्रालयको कार्यसम्पादन पनि अन्य समूहका मन्त्रालय तथा निकायहरूको जस्तै औषतमै सिमित हुन पुगेको छ। आर्थिक वर्षको अन्त्यसम्म पनि प्रारम्भसमेत हुन नसकेका छैनन् क्रियाकलाप तथा माइलस्टोनको कार्यान्वयन आगामी आर्थिक वर्षमा सुनिश्चित गराउन सम्बन्धित मन्त्रालय तथा निकायहरूको उत्तरदायित्व सुनिश्चित गर्ने तथा त्यसको कार्यान्वयनको अनुगमन गर्ने व्यवस्थाका लागि समेत उपयुक्त व्यवस्था गर्नु वाञ्छनीय देखिन्छ। माइलस्टोनको कार्यप्रगति लेखाचित्र ४ मा प्रस्तुत गरिएको छः-

**लेखाचित्र ४**




(स्रोतः एकीकृत अनुगमन प्रणाली, प्र.म. तथा म.प.कार्यालय)

सामाजिक क्षेत्र अन्तर्गतका मन्त्रालय तथा निकायहरूको आर्थिक वर्ष २०७७।७८ को लागि वार्षिक कार्ययोजनामा निर्धारण गरिएका कूल ३१६ माइलस्टोनमध्ये सो अवधिमा कूल १९८ माइलस्टोन मात्र सम्पन्न भएका छन्, जुन कूल माइलस्टोनको आधारमा ६२.७ प्रतिशत मात्र हुन आउछ। यस समूह अन्तर्गतका मन्त्रालय तथा निकायहरूका गत आर्थिक वर्षमा सम्पन्न माइलस्टोनमध्ये ३.५ प्रतिशत माइलस्टोन पूर्व निर्धारित समयसीमा अगावै सम्पन्न भएको देखिन्छ, जसमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका ५ वटा, स्वास्थ्य र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका एक/एक रहेका छन्। त्यसैगरी, सम्पन्न माइलस्टोनमध्ये ५०.५ प्रतिशत माइलस्टोन मात्र निर्धारित समयसीमा बमोजिम सम्पन्न भएको देखिन्छ भने ४६ प्रतिशत माइलस्टोन ढिलो सम्पन्न भएको देखिन्छ।

वार्षिक कार्ययोजना निर्माण गर्दाका बखत निर्धारण गरिएको समयसीमाभित्र कार्यसम्पादन सम्पन्न गर्न नसक्दा एकातर्फ मन्त्रालय तथा निकायहरूलाई आगामी महिनाहरूमा कार्यचाप बढ्दै जाने र अर्कोतर्फ सोही कार्यचापको कारण त्यसपश्चात शुरू हुने क्रियाकलापहरूसमेत प्रभावित हुने जोखिम मन्त्रालयहरूमा सधैं रहने हुन्छ। यसकै कारण मन्त्रालयहरूले आफ्ना अधिकांश क्रियाकलाप तथा माइलस्टोन तोकिएको समयपश्चात त्यसमा पनि अधिकांश निकायहरूले अघिल्लो महिनाहरूमा सम्पन्न गर्नुपर्नेमा सो कार्य हुन नसकेका बाँकी माइलस्टोन आर्थिक वर्षको अन्तिम महिनामा मात्र सम्पन्न भएको भनी प्रतिवेदन गरेको देखिन्छ। यस आधारमा विषयगत मन्त्रालयहरूले आर्थिक वर्षको अन्तिममा मात्र (नतिजा देखाउनुपर्ने दबाबको कारण) कार्य सम्पन्न गर्ने प्रवृतिलाई न्यूनीकरण गर्नु र अन्तिम महिनामा कार्यसम्पन्न हुने त्यस्ता क्रियाकलाप तथा माइलस्टोनको भौतिक रूपमा सम्पन्नताको अवस्था सुनिश्चतता गर्नु थप चुनौतीपूर्ण देखिन्छ। यसको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायतका सरोकारवाला निकायहरूबाट उचित पहल तथा अनुगमन गर्नुपर्ने आवश्यकता देखिन्छ। यस समूह अन्तर्गतका निकायहरूको गत आर्थिक वर्षको माइलस्टोनहरूको समयसीमाका आधारमा मन्त्रालयगत सम्पन्न स्थितिलाई देहायको तालिका १० मा प्रस्तुत गरिएको छः

**तालिका १०**

**समयसीमाका आधारमा माइलस्टोनको सम्पन्न स्थिति**

| क्र.सं. | मन्त्रालय/निकाय | कूल | सम्पन्न | छिटो सम्पन्न | ढिलो सम्पन्न | समयमै सम्पन्न |
|---|---|---|---|---|---|---|
| १ | शिक्षा | ५७ | ३२ | ५ | १६ | ११ |
| २ | स्वास्थ्य | १०५ | ६५ | १ | १६ | ४८ |
| ३ | महिला | ३९ | २७ | १ | १६ | १० |
| ४ | युवा | ५३ | २२ | ० | १६ | ६ |
| ५ | श्रम | ६२ | ५२ | ० | २७ | २५ |
| कूल | | ३१६ | १९८ | ७ | ९१ | १०० |
| प्रगति प्रतिशत | | | ६३ | ३.५ | ४६.० | ५०.५ |

## ३.४ शासकीय सुधार क्षेत्र

शासकीय सुधार क्षेत्र अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह, रक्षा, सङ्घीय मामिला तथा सामान्य प्रशासन, कानून र परराष्ट्र मन्त्रालय रहेका छन्। यस समूह अन्तर्गतका मन्त्रालय तथा निकायहरूका कार्यसम्पादन सूचकहरु, क्रियाकलाप तथा माइलस्टोनको प्रगतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

**(क) प्रमुख कार्यसम्पादन सूचकहरुको प्रगति स्थिति**

यस क्षेत्रका कार्यसम्पादन सूचकहरुको प्रगति स्थितिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

**तालिका ११**

**शासकीय सुधार क्षेत्रका कार्यसम्पादन सूचकहरुको प्रगति स्थिति**

| क्र. सं. | नतिजा सूचक | दिगो विकास लक्ष्य नं. | समीक्षा अवधि | भार | एकाइ | बेसलाइन | वार्षिक लक्ष्य | आषाढ सम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| १ | भ्रष्टाचार सम्बन्धी सूचकाङ्क (CPI) | १६.५.१ | बार्षिक | ५ | सूचकाङ्क | ३३ | ३५ | ३३ |
| २ | राजस्व चुहावट सम्बन्धी मुद्दा दायर (बिगो रकम) | १६ | बार्षिक | १० | रकम रु. लाख | | | २११४१२ |
| ३ | सम्पति शुद्धिकरण सम्बन्धी मुद्दा दायर (बिगो रकम) | १६ | बार्षिक | १० | रकम रु. लाख | | | ७२३७.४ |
| ४ | एकीकृत राष्ट्रिय परिचय पत्र वितरण | १६ | बार्षिक | २० | जिल्ला | १६ | ७७ | ७७ |
| ५ | काठमाण्डौं तराई/मधेश द्रुतमार्ग | ९.१ | मासिक | २० | भौ.प्र.(%) | ११.११ | १६.२१ | १६.१ |
| ६ | ग्रामीण कालोपत्रे सडक (संघीय मामिला) | ९.१ | मासिक | १० | कि. मि. | ३९६३ | ४०९३ | ४३४५.३ |
| ७ | ग्रामीण ग्राभेल सडक (संघीय मामिला) | ९.१ | मासिक | १० | कि. मि. | १३५६० | १३७१० | १३४१६ |
| ८ | ग्रामीण माटे सडक (संघीय मामिला) | ९.१ | मासिक | १० | कि. मि. | ४३९५० | ४४०५० | ४५४०५ |
| ९ | स्थानीय सडक पुल निर्माण (संघीय मामिला) | ९.१ | मासिक | १० | वटा | ५३९ | ५६९ | ६१३ |
| १० | झोलुङ्गे पुल निर्माण (संघीय मामिला) | ९.१ | मासिक | १० | संख्या | ८२१० | ८८१० | ९१७३ |

| क्र. सं. | नतिजा सूचक | दिगो विकास लक्ष्य नं. | समीक्षा अवधि | भार | एकाइ | बेसलाइन | वार्षिक लक्ष्य | आषाढ सम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| ११ | विद्युतीय राहदानी वितरण | १६ | अर्ध वार्षिक | २५ | संख्या (हजारमा) | - | ४० | ० |
| १२ | नेपाल भारत सीमानाका जीर्ण सीमास्तम्भ मर्मत/नयाँ निर्माण | १६ | मासिक | ३० | संख्या | ४७५ | ३५० | |

(स्रोतः एकीकृत अनुगमन प्रणाली, प्र.म. तथा म.प.कार्यालय)

### (ख) क्रियाकलापको प्रगति स्थिति

यस क्षेत्र अन्तर्गत  कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका ८० प्रतिशत क्रियाकलाप सम्पन्न भएका छन् भने गृह र रक्षा मन्त्रालयका क्रमशः ७८.२ र ७१.४ प्रतिशत क्रियाकलाप सम्पन्न भएका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका ५० प्रतिशत भन्दा बढी क्रियाकलाप आर्थिक वर्षको अन्त्यसम्म पनि चालु अवस्थामा रहेको देखिन्छ। त्यसैगरी, कानून, न्याय तथा संसदीय मामिला र रक्षा मन्त्रालयका क्रमशः १० र ८.६ प्रतिशत क्रियाकलाप प्रारम्भ समेत हुन नसकेको देखिन्छ। सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट अनुसार वार्षिक रूपमा सम्पन्न भई सोही बमोजिम निर्दिष्ट लक्ष्य हासिल गर्नुपर्ने मध्ये ३६ प्रतिशत क्रियाकलाप चालु अवस्थामा रहेका छन्। यसले मन्त्रालय तथा निकायहरूको कार्यसम्पादनको विद्यमान तौर तरिकामा रूपान्तरणकारी परिवर्तनको माग गर्दछ। यसतर्फ सरोकारवाला निकायहरूको ध्यान पुग्नु आवश्यक देखिन्छ। यस क्षेत्रका क्रियाकलापको समग्र प्रगति स्थिति तालिका १२ मा प्रस्तुत गरिएको छः-

**तालिका १२**

**शासकीय सुधार क्षेत्रका क्रियाकलापको प्रगति स्थिति**

| क्र.सं. | मन्त्रालय/निकाय | कूल | सम्पन्न | | चालु | | शुरू नभएका | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | प्रधानमन्त्री कार्यालय | ३३ | १६ | ४८.५% | १७ | ५१.५% | ० | ०.०% |
| २ | गृह | ५५ | ४३ | ७८.२% | १२ | २१.८% | ० | ०.०% |
| ३ | रक्षा | ३५ | २५ | ७१.४% | ७ | २०.०% | ३ | ८.६% |
| ४ | सङ्घीय मामिला | ५० | २५ | ५०.०% | २५ | ५०.०% | ० | ०.०% |
| ५ | कानून | १० | ८ | ८०.०% | १ | १०.०% | १ | १०.०% |


| क्र.सं. | मन्त्रालय/निकाय | कूल | सम्पन्न | | चालु | | शुरू नभएका | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ६ | परराष्ट्र | १७ | ८ | ४७.१% | ९ | ५२.९% | ० | ०.०% |
| कूल | | २०० | १२५ | ६२.५% | ७१ | ३५.५% | ४ | २.०% |

(स्रोतः एकीकृत अनुगमन प्रणाली, प्र.म. तथा म.प.कार्यालय)

### (ग) माइलस्टोनको प्रगति स्थिति

यस समूहभित्रका मन्त्रालय तथा निकायहरूका पूर्वनिर्धारित माइलस्टोनका आधारमा विश्लेषण गर्दा गृह र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका क्रमशः ८६.८ र ८३.३ प्रतिशत माइलस्टोन सम्पन्न भएका छन्। यस अवधिमा सम्पन्न हुनुपर्नेमध्ये प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका ५७.१ तथा परराष्ट्र र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका क्रमशः ४०.५ र ३१.८ प्रतिशत माइलस्टोन चालु अवस्थामा रहेका छन् भने रक्षा र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका क्रमशः १०.२ र ८.३ प्रतिशत माइलस्टोनको आर्थिक वर्षको अन्त्यसम्म कुनै पनि प्रगति हासिल हुन सकेको छैन। माइलस्टोनको कार्यप्रगति लेखाचित्र ५ मा प्रस्तुत गरिएको छः-

**लेखाचित्र ५**




(स्रोतः एकीकृत अनुगमन प्रणाली, प्र.म. तथा म.प.कार्यालय)

शासकीय सुधार क्षेत्र अन्तर्गतका मन्त्रालय तथा निकायहरूको आर्थिक वर्ष २०७७।७८ को लागि वार्षिक कार्ययोजनामा निर्धारण गरिएका कूल ३५५ माइलस्टोनमध्ये सो अवधिमा कूल २५० माइलस्टोन मात्र सम्पन्न भएका छन्, जुन कूल माइलस्टोनको आधारमा ७०.४ प्रतिशत मात्र हुन आउँछ। यस समूह अन्तर्गतका मन्त्रालय तथा निकायहरूका गत आर्थिक वर्षमा सम्पन्न माइलस्टोनमध्ये रक्षा मन्त्रालयका २ वटा माइलस्टोन निर्धारित समयसीमा अगावै सम्पन्न भएको देखिन्छ, जुन कूल सम्पन्न माइलस्टोनको ०.८ प्रतिशत हुन आउछ। यस अलावा अन्य मन्त्रालय तथा निकायका कुनै पनि माइलस्टोन समय अगावै सम्पन्न भएको देखिदैन। यस समूहका कूल सम्पन्न माइलस्टोनमध्ये ५०.८ प्रतिशत माइलस्टोन मात्र मन्त्रालय तथा निकायको स्वीकृत समयसीमाभित्र सम्पन्न भएको देखिन्छ। बाँकी ४८.४ प्रतिशत माइलस्टोन पूर्वनिर्धारित समयसीमाभन्दा ढिलो सम्पन्न भएका छन्।

यस क्षेत्र अन्तर्गतका मन्त्रालय तथा निकायहरूको गत आर्थिक वर्षमा सम्पन्न कूल माइलस्टोनमध्ये ३८ प्रतिशत माइलस्टोन आषाढ महिनामा मात्र सम्पन्न भएको देखिन्छ। यस तथ्यले मन्त्रालय तथा निकायहरूको आर्थिक वर्षको अन्तिम महिनामा तुलनात्मक रूपमा बढी पूँजीगत खर्च गर्ने प्रवृतिलाई साथ दिएको जस्तो देखिन्छ। विषयगत मन्त्रालय तथा निकायहरूले कार्ययोजनामा निर्धारण गरिएको समयसीमामा सम्पन्न गर्न नसकेको कार्य, तथा कतिपय अवस्थामा त जेठ महिनासम्म प्रारम्भसमेत नभएको कार्य आर्थिक वर्षको अन्तिम महिनामा जसरी पनि कार्यसम्पादन सम्पन्न गर्ने प्रवृतिले मन्त्रालयहरूबाट अन्तिम समयमा सम्पादन हुने विकास निर्माण लगायत अन्य कार्यक्रमहरूको गुणस्तरको सुनिश्चितता (लागतको अनुपातमा) गर्नुपर्ने देखिन्छ। यसको लागि त्यस्ता विकास निर्माण लगायतका क्रियाकलापको हकमा सम्बन्धित सरोकारवाला मन्त्रालयका नियमनकारी निकायहरुबाट समेत विशेष पहल गर्नुपर्ने देखिन्छ। यस समूह अन्तर्गतका निकायहरूको गत आर्थिक वर्षको माइलस्टोनहरूको समयसीमाका आधारमा मन्त्रालयगत सम्पन्न स्थितिलाई देहायको तालिका १३ मा प्रस्तुत गरिएको छः

**तालिका १३**

**समयसीमाका आधारमा माइलस्टोनको सम्पन्न स्थिति**


| क्र.सं. | मन्त्रालय/निकाय | कूल | सम्पन्न | छिटो सम्पन्न | ढिलो सम्पन्न | समयमै सम्पन्न |
|---|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री कार्यालय | ५६ | २३ | ० | १९ | ४ |
| २ | गृह | १०६ | ९२ | ० | ४७ | ४५ |
| ३ | रक्षा | ५९ | ४७ | २ | १९ | २६ |
| ४ | सङ्घीय मामिला | ८५ | ५८ | ० | २३ | ३५ |

| क्र.सं. | मन्त्रालय/निकाय | कूल | सम्पन्न | छिटो सम्पन्न | ढिलो सम्पन्न | समयमै सम्पन्न |
|---|---|---|---|---|---|---|
| ५ | कानून | १२ | १० | ० | ४ | ६ |
| ६ | परराष्ट्र | ३७ | २० | ० | ९ | ११ |
| कूल | | ३५५ | २५० | २ | १२१ | १२७ |
| प्रगति प्रतिशत | | | ७० | ०.८ | ४८.४ | ५०.८ |

## ४. खर्च सम्बन्धी प्रगति

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार गत आर्थिक वर्षको संशोधित विनियोजनमध्ये आषाढ मसान्तसम्ममा ८०.४ प्रतिशत खर्च भएको छ। आर्थिक वर्षभरीको कूल खर्चमध्ये तेस्रो चौमासिकको खर्च अन्य दुई चौमासिकमा भन्दा बढी देखिएको छ। नेपालको सार्वजनिक खर्चको विगत केही वर्षदेखिको प्रवृतिलाई लेखाचित्र ६ मा प्रस्तुत गरिएको छः

**लेखाचित्र ६**




(स्रोतः महालेखा नियन्त्रक कार्यालय)

आर्थिक वर्ष २०७३।७४ देखि आर्थिक वर्ष २०७७।७८ सम्मको उपरोक्त तथ्याङ्कले नेपालका सार्वजनिक निकायहरूमा चालु खर्चको अंश वर्षेनी वृद्घि हुदै गइरहेको देखाउछ भने पूँजीगत खर्चको स्थिति भने स्थिरजस्तो देखिन्छ। वित्तीय व्यवस्थातर्फको खर्चको अवस्था पनि उत्साहजनक देखिदैन। सरकारका मन्त्रालय तथा निकायहरूको चालु खर्च बढ्दै जादा सरकारी कोषमा चाप बढ्दै जानुले सरकारका आवधिक योजना, नीति तथा कार्यक्रम तथा बजेट कार्यक्रमले घोषणा गरेका कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको लागि स्रोतको व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको देखिन्छ भने न्यून विनियोजित पूँजीगत रकम पनि पूर्णरूपमा खर्च गर्न नसक्ने क्षमताले सरकारका विकास निर्माण लगायतका क्रियाकलापहरू झनै प्रभावित बन्दै गएको देखिन्छ।

मन्त्रालय तथा निकायहरूले आर्थिक वर्षको पहिलो चौमासिकभित्रै गर्न सकिने पूर्वतयारीका कार्यहरू पनि सकेसम्म आर्थिक वर्षको दोस्रो चौमासिक पछाडि राख्नु, आर्थिक वर्षको प्रारम्भ मै तयार गर्नुपर्ने

खरिद गुरुयोजना समयमै तयार नगर्नु वा गरे पनि सोही अनुसार लागू नगर्नु, अन्तर निकाय तथा अन्तर सरकारी समन्वय कमजोर हुनु, आयोजनाको पूर्व तयारी बिना वार्षिक कार्यक्रम तथा आयोजनाहरु तय गरी कार्यान्वयन गर्न खोज्नु, बजेट कार्यान्वयन कार्ययोजना समयमै नबन्नु, कार्यसम्पादन भइसकेका विकास निर्माणका कार्यहरूको भुक्तानी समयै नगर्नु, खरिद निर्माण लगायतका नवीकरणका कार्यहरू आर्थिक वर्षको अन्त्यमा मात्र गर्नु जस्ता कारणहरूले समेत प्रथम र दोस्रो चौमासिक अवधिमा सरकारी कोषबाट अन्यन्तै न्यून मात्र पूँजीगत खर्च हुने गरेको देखिन्छ। तर, तेश्रो चौमासिक अवधिमा भने अघिल्लो दुई चौमासिकको भन्दा बढी खर्च हुने गरेको तथ्य विगतका दुई आर्थिक वर्षको प्राप्त तथ्याङ्कको तुलनात्मक विश्लेषणबाट पुष्टि हुन आउँछ। नेपाल सरकारको कूल बजेटका आधारमा आर्थिक वर्ष २०७६।७७ र २०७७।७८ को सार्वजनिक खर्चको प्रगति विवरण तालिका १४ मा प्रस्तुत गरिएको छः

## तालिका १४

**बजेटका आधारमा आ.व २०७७।७८ र २०७६।७७ को सार्वजनिक खर्चको तुलनात्मक प्रगति विवरण (प्रतिशत)**

| अवधि | चालु | | पूँजीगत | | वित्तीय | | कूल | |
|---|---|---|---|---|---|---|---|---|
| आ.व | २०७७।७८ | २०७६।७७ | २०७७।७८ | २०७६।७७ | २०७७।७८ | २०७६।७७ | २०७७।७८ | २०७६।७७ |
| प्रथम चौमासिकसम्म | २४.२ | २०.६ | ८.३ | ६.१ | ५.५ | २.६ | १८.२ | १४.७ |
| दोस्रो चौमासिकसम्म | ४८ | ४७.१ | २२.६ | २३.७ | २०.५ | ३७.८ | ३८.७ | ३९.९ |
| तेश्रो चौमासिकसम्म | ९० | ८२.५ | ६५.४ | ४७.० | ५८.६ | ६९.२ | ८०.४ | ७१.४ |

(स्रोतः महालेखा नियन्त्रक कार्यालय)

आर्थिक वर्ष २०७६।७७ मा प्रथम चौमासिकसम्म पूँजीगततर्फ ६.१ प्रतिशत खर्च भएकोमा सोही अविधिमा गत आर्थिक वर्षमा ८.३ प्रतिशत खर्च भएको छ। त्यसैगरी दोस्रो चौमासिक अवधिसम्म आर्थिक वर्ष २०७६।७७ मा २३.७ प्रतिशत पूँजीगत खर्च भएकोमा आर्थिक वर्ष २०७७।७८ को सोही अवधिमा ०.९ प्रतिशतले पूँजीगत खर्चमा ह्रास आएको देखिन्छ। त्यसैगरी, आर्थिक वर्ष २०७६।७७ को तेश्रो चौमासिकसम्मको कूल पूँजीगत खर्च ४७.० प्रतिशत रहेकोमा गत आर्थिक वर्षको सोही अवधिको पूँजीगत खर्च भन्दा १८.४ प्रतिशतले वृद्धि भएको देखिन्छ। यसरी समग्र सार्वजनिक खर्चको विश्लेषण गर्दा कूल खर्चतर्फ आर्थिक वर्ष २०७६।७७ मा भन्दा गत आर्थिक वर्षमा ९ प्रतिशतले वृद्धि भएको देखिन्छ।

मन्त्रालय तथा निकायहरूले आर्थिक वर्षको जेठसम्म गरेको कूल खर्च र आर्थिक वर्षको अन्तिम महिनामा गरेको खर्चको विवरणको तुलनात्मक विश्लेषण गर्दा अन्तिम महिनामा विनियोजित बजेटको रकम खर्च गर्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ। यस सम्बन्धी खर्चको तलुनात्मक विवरण तालिका १५ मा प्रस्तुत गरिएको छः

**तालिका १५**

**खुद खर्चका आधारमा आ.व २०७७।७८ र २०७६।७७ को जेठसम्मको खर्च र आषाढको खर्चको तुलनात्मक स्थिति (प्रतिशत)**

| अवधि | चालु | | पूँजीगत | | वित्तीय | | कूल | |
|---|---|---|---|---|---|---|---|---|
| आ.व | २०७७/७८ | २०७६/७७ | २०७७/७८ | २०७६/७७ | २०७७/७८ | २०७६/७७ | २०७७/७८ | २०७६/७७ |
| जेठ मसान्तसम्म | ७३.८३ | ७०.०६ | ४०.५४ | ३१.०३ | ४२.३४ | ५१.६८ | ६२.१७ | ५७.६६ |
| आषाढ | १६ | १२.४१ | २४.८६ | १५.९७ | १६.२६ | १७.५० | १८.२३ | १३.७३ |
| कूल | ९० | ८२.४७ | ६५.४ | ४७.०० | ५८.६ | ६९.१८ | ८०.४ | ७१.३९ |

(स्रोतः महालेखा नियन्त्रक कार्यालय)

चालु खर्चतर्फ गत आर्थिक वर्षको जेठ मसान्तसम्म करिब ७४ प्रतिशत खर्च भएकोमा आषाढ महिनामा मात्र कूल चालु बजेटको १६ प्रतिशतले खर्च भई कूल ९० प्रतिशत चालु खर्च भएको देखिन्छ भने आर्थिक वर्ष २०७६।७७ को सोही अवधिको अन्तिम महिनामा करिब १२.५ प्रतिशत रकम खर्च भई करिब ८२.५ प्रतिशत चालु खर्च भएको देखिन्छ। यसैगरी, पूँजीगत खर्चतर्फ गत आर्थिक वर्षको अन्तिम महिनामा अघिल्लो आर्थिक वर्षको सोही अवधिको भन्दा ८.९ प्रतिशत पूँजीगत खर्च वृद्धि भएको छ। कूल बजेटतर्फबाट विश्लेषण गर्दासमेत आर्थिक वर्ष २०७७।७८ को अन्तिम महिना अघिल्लो आर्थिक वर्षको सोही अवधिमा भन्दा करिब ५ प्रतिशतले खर्चमा वृद्धि भएको देखिन्छ। सार्वजनिक खर्चमा वृद्धि हुनु आफैमा राम्रो भएतापनि आर्थिक वर्षको अन्तिम महिनामा हुने खर्चहरूले लक्षित गुणस्तरको सुनिश्चितता गरे नगरेको तर्फ भने सरोकारवाला निकायहरू सजग हुनु जरूरी देखिन्छ।

मन्त्रालय तथा निकायहरूको कूल वार्षिक खर्च र आषाढ महिनाको खर्चको तुलनात्मक स्थितिलाई तालिका १६ मा प्रस्तुत गरिएको छः

तालिका १६

आ.व २०७७।७८ र २०७६।७७ को बार्षिक खर्च र आषाढ महिनाको खर्चको तुलनात्मक स्थिति

| | चालु | | पूँजीगत | | वित्तीय | | कूल | |
|---|---|---|---|---|---|---|---|---|
| आ.व | २०७७।७८ | २०७६।७७ | २०७७।७८ | २०७६।७७ | २०७७।७८ | २०७६।७७ | २०७७।७८ | २०७६।७७ |
| वार्षिक खुद खर्च (रु. करोडमा) | ८५१२२ | ७८४१९ | २२८४८ | १९१८१ | १००९७ | ११७२१ | ११८०६७ | १०९३२१ |
| आषाढ महिनाको खर्च (रु. करोडमा) | १५१०६ | ११३६४ | ८५२२ | ६५२२ | २७८२ | ३०४५ | २६४१० | २०९३१ |
| खुद खर्चमध्ये आषाढ महिनाको खर्च (प्रतिशत) | १७.७ | १४.४९ | ३७.३ | ३४.०० | २७.६ | २५.९८ | २२.४ | १९.१५ |
| आषाढ महिनाको शुरुको तीन हप्ताको खर्च (रु. करोडमा) | १२६६२ | ७५६३ | ४६०४ | २०६२ | १९८४ | १३३७ | १९२५० | १०९६२ |
| आषाढ महिनाको अन्तिम हप्ताको खर्च (रु. करोडमा) | २४४४ | ३८०१ | ३९१८ | ४४५९ | ७९८ | १७०८ | ७१६० | ९९६८ |
| खुद वार्षिक खर्च मध्ये आषाढ अन्तिम हप्ताको खर्च (प्रतिशत) | २.९ | ४.८५ | १७.१ | २३.२५ | ७.९ | १४.५८ | ६.१ | ९.१२ |
| आषाढ महिनाको कूल खर्च मध्ये अन्तिम हप्ताको खर्च (प्रतिशत) | १६.२ | ३३.४५ | ४६.० | ६८.३८ | २८.७ | ५६.१ | २७.१ | ४७.६३ |

(स्रोतः महालेखा नियन्त्रक कार्यालय)

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार आर्थिक वर्षको कूल पूँजीगत खर्चमध्ये आषाढ महिनामा मात्र ३७.३ प्रतिशत पूँजीगत खर्च भएको देखिन्छ, जुन अघिल्लो आर्थिक वर्षभन्दा ३.३ प्रतिशतले बढी हुन आउछ। यसैगरी, पूँजीगत खर्चतर्फ गत आर्थिक वर्षको आषाढ महिनाको अन्तिम हप्ताको पूँजीगत खर्च कूल वार्षिक पूँजीगत खर्चको तुलनामा १७.१ प्रतिशत हुन आउछ भने आषाढ महिनाको पूँजीगत खर्चको सोही महिनाको अन्तिम हप्ताको मात्र पूँजीगत खर्च ४६ प्रतिशत


हुन आउछ, जुन अघिल्लो आर्थिक वर्षभन्दा २२ प्रतिशतले न्यून भएको देखिन्छ। गत आर्थिक वर्षको आषाढ महिनामा भएको कूल खर्चमध्ये २७.१ प्रतिशत खर्च अन्तिम हप्तामा मात्र भएको देखिन्छ।


मन्त्रालयगत रूपमा पूँजीगत खर्चको स्थिति हेर्दा सञ्चार तथा सूचना प्रविधि र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले गत आर्थिक वर्षमा मन्त्रालयलाई विनियोजित पूँजीगत रकममध्ये ९० प्रतिशतभन्दा बढी पूँजीगत खर्च गरेको देखिन्छ। त्यसैगरी, गृह मन्त्रालयले ८७.१, रक्षा मन्त्रालयले ८६.१, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले ८२.७, शहरी विकास मन्त्रालयले ८०.१ र परराष्ट्र मन्त्रालयले ८० प्रतिशत पूँजीगत खर्च गरेका छन्। ७० देखि ७९ प्रतिशतसम्म पूँजीगत खर्च गर्ने निकायहरुमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा (७४.७), वन (७३.९), र शिक्षा मन्त्रालय (७२.४) रहेका छन्। त्यसैगरी ५० देखि ६९ प्रतिशतसम्म खर्च गर्ने नौ वटा निकायहरुमा राष्ट्रिय पुनःनिर्माण प्राधिकरण (६८.९), भौतिक पूर्वाधार तथा यातायात (६८.१), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (६५.१), उर्जा जलस्रोत तथा सिँचाई (६२.९), युवा तथा खेलकुद (५९.१), महिला, बालबालिका तथा ज्येष्ठ नागरिक (५६.३), कृषि तथा पशुपंछी विकास (५५.२), भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण (५४.२) र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (५१.१) रहेका छन्। त्यस्तै, ३० देखि ४९ प्रतिशतसम्म खर्च गर्ने चार वटा मन्त्रालय/निकायहरुमा स्वास्थ्य तथा जनसंख्या (४९.६), खानेपानी मन्त्रालय (४७.७), सङ्घीय मामिला तथा सामान्य प्रशासन (४५.७) र अर्थ मन्त्रालय (३२.३) रहेका छन्।


यसप्रकार, मन्त्रालय तथा निकायगत रूपमा तुलना गर्दा गत आर्थिक वर्षमा अर्थ मन्त्रालयको सबैभन्दा न्यून पूँजीगत खर्च भएको देखिन्छ। त्यसैगरी, मन्त्रालय तथा निकायहरूको क्षेत्रगत वर्गीकरणको आधारमा विश्लेषण गर्दा शासकीय सुधार क्षेत्र अन्तर्गतका निकायहरूको औषत पूँजीगत खर्च सबैभन्दा बढी (७६ प्रतिशत) भएको देखिन्छ। त्यसैगरी, पूर्वाधार र आर्थिक क्षेत्र अन्तर्गतका निकायहरूको औषत पूँजीगत खर्च क्रमशः ७०.३ र ५८.२ प्रतिशत रहेको छ भने सामाजिक क्षेत्र अन्तर्गतका मन्त्रालय तथा निकायहरूको औषत पूँजीगत खर्च सबैभन्दा न्यून (५२ प्रतिशत) रहेको देखिन्छ। मन्त्रालय तथा निकायहरूको पूँजीगत खर्चसम्बन्धी विवरण लेखाचित्र ७ मा प्रस्तुत गरिएको छ। मन्त्रालयगत खर्चको विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको छ।


## लेखाचित्र ७

## मन्त्रालय/निकायगत पूँजीगत खर्चको स्थिति (आ.व २०७७।७८)




(स्रोतः महालेखा नियन्त्रक कार्यालय)

महालेखा नियन्त्रक कार्यालय, अर्थ मन्त्रालय लगायतका निकायहरूले आर्थिक वर्षको अन्तिम हप्तामा हुने भुक्तानीमा नियन्त्रण गर्ने प्रयास गरेतापनि विगत दुई आर्थिक वर्षको तथ्याङ्क विश्लेषण गर्दा उक्त प्रवृत्तिमा अपेक्षित रूपमा न्युनीकरण हुन नसकेको देखिन्छ। मन्त्रालय तथा निकायहरूले वार्षिक रूपमा बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा मन्त्रालयगत बजेट सूचना प्रणालीमा सम्भव भएसम्म प्रथम तथा दोस्रो चौमासिकभित्रै प्रस्ताव गर्ने, निर्माण सम्पन्न भएपश्चात सम्बन्धित निर्माण व्यवसायीहरूले

समयमै आवश्यक कागजात सहित भुक्तानी दाबी पेश गर्ने र सम्बन्धित निकायहरूले लागत, परिमाण र गुणस्तरको सुनिश्चितता गरी यथासिघ्र भुक्तानी प्रक्रिया अगाडि बढाउनुका साथै ठेक्का र निर्माण व्यवसायीहरूको नवीकरणको कार्यसमेत समयमै सम्पन्न गर्ने जस्ता विषयहरूमा सम्बन्धित सरोकारवाला निकायहरूले आगामी दिनमा विशेष ध्यान दिनु आवश्यक देखिन्छ। साथै, मन्त्रालय तथा सम्बन्धित आयोजना व्यवस्थापन कार्यालयहरूमार्फत सोझै भुक्तानी हुने रकमहरू महालेखा नियन्त्रक कार्यालयको प्रणालीसँग आवद्ध नहुने गरेकोले समेत मन्त्रालयबाट प्राप्त खर्चको विवरण र महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण एक आपसमा मेल खाएको देखिन्न। उक्त विषयलाई समेत यथासिघ्र सम्बोधन हुने गरी प्रणालीको व्यवस्थापन गर्नु आवश्यक देखिन्छ। यसबाट सार्वजनिक निकायहरूबाट भएको खर्चको यथार्थ विवरण प्राप्त गर्न सकिन्छ भने निकायहरूबाट प्राप्त सूचना तथा तथ्याङ्कहरूप्रतिको विश्वसनीयता समेत अभिवृद्धि हुन्छ।

उल्लिखित विषयहरूका अतिरिक्त वार्षिक रूपमा बजेट विनियोजन गर्दा आवश्यक पूर्वतयारी पूरा नभएका आयोजनाहरूमा पूँजीगत रकम विनियोजन गर्ने र सो कारण उक्त रकम कम खर्च भएको देखिने गरेकोले वार्षिक रूपमा बजेट तर्जुमा तथा रकम विनियोजन गर्दा आयोजना बैंकमा समुहीकृत भएका तथा जग्गा प्राप्ति लगायतका विषयहरू टुङ्गिएका आयोजना(Ready to Go Project) मा मात्र बजेट विनियोजन गर्ने परिपाटीलाई संस्थागत गर्नेतर्फ अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगले ध्यान दिनुपर्ने देखिन्छ। यसका लागि राष्ट्रिय योजना आयोगले सञ्चालनमा ल्याएको परियोजना बैंकको प्रभावकारी कार्यान्वयन गर्ने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट समेत उचित समन्वय र सहजीकरण हुनु आवश्यक छ।

## ५. निष्कर्ष तथा सुझाव

५.१. आर्थिक वर्षको प्रारम्भ हुनु पूर्वबाट नै विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को प्रभाव क्रमशः कम भई आर्थिक सामाजिक क्रियाकलापका सम्पूर्ण क्षेत्रहरु सूचारु भइरहेको अवस्थामा छिमेकी देशहरूमा फैलिएको कोभिड-१९को दोस्रो लहरबाट पुनः प्रभावित हुन पुग्यो। जसका कारण आर्थिक क्रियाकलापहरू, भौतिक विकास निर्माणका क्रियाकलापहरू लगायत समग्र रुपमा सामाजिक जनजीवन जोखिम नियन्त्रणको लागि जारी गरिएको निषेधाज्ञाका कारण पुनः प्रभावित बने र त्यसको  असर हालसम्म समेत कायमै छ। कोभिड-१९को पहिलो लहर भन्दा तुलनात्मक रूपमा दोस्रो लहरबाट अर्थतन्त्रका गतिविधिहरू कम प्रभावित भएतापनि उच्च शिथिलताबाट लयमा आउन लागेका गतिविधिहरू पुनः प्रभावित हुन पुग्दा समष्टिगत रूपमा शासन, विकास र सेवा प्रवाहमा नकारात्मक असर पुगेको देखिन्छ।

५.२. सम्बन्धित आर्थिक वर्षमा सञ्चालन गरिने कार्यक्रमहरुको कार्यान्वयन कार्ययोजना तयार गर्दा सम्बन्धित निकायहरुबाट जोखिमको विश्लेषण गरिएको हुन्छ नै। यस आ.व.मा पनि मन्त्रालयहरूबाट वार्षिक कार्ययोजना तयार गर्दा कोभिड-१९ को सम्भावित जोखिम केही आँकलन गरिएको थियो र त्यसैअनुसार मन्त्रालयहरुका क्रियाकलाप तथा माइलस्टोन निर्धारण गरिएका थिए। जसअनुसार आर्थिक वर्षको अन्त्यसम्म मन्त्रालय तथा निकायहरूले पूर्व निर्धारित स्वीकृत कार्ययोजनामा उल्लेखित क्रियाकलाप तथा माइलस्टोनको शत प्रतिशत नतिजा हासिल गर्नुपर्ने हो भने वार्षिक रूपमा विनियोजन गरेको स्रोतको महत्तम उपयोग गरी पूर्वनिर्धारित कार्यसम्पादन सूचकहरूले तोकेको लक्ष्यको शत प्रतिशत परिणाम प्राप्त गर्नुपर्ने हो।तर, कार्ययोजना कार्यान्वयनको बखत् जोखिम उच्च रुपमा पुगेको कारणले समेत कार्यसम्पादन प्रभावित भयो। यसमा कोभिड-१९ ले पारेको प्रभाव कति हो र अन्य के कारणले कार्यसम्पादन हुन/ लक्ष्य प्राप्त हुन नसकेको हो सोको मूल्याङ्कन हुन आवश्यक छ। साथै महामारीबाट पुरानै अवस्थामा फर्किई सबै क्षेत्रमा सहजरुपमा कार्यसञ्चालन हुन अवस्था अझै नरहेको तर असर कम हुँदै गएकोले यसको Exit Plan बनाई कार्यान्वयनयमा ल्याउनु आवश्यक छ।

५.३. त्यसैगरी नीतिगत परिवर्तन एवम् कानून निर्माणका क्रियाकलाप र माइलस्टोनहरु संघीय संसद सुचारु हुन नसक्दा पनि प्रभावित हुन पुगे र यसको यसर नीतिगत विषयहरु टुङ्गोमा पुगेपछि मात्र कार्यानव्यन हुने क्रियाकलापहरुमा समेत पर्न गयो।

५.४. यथार्थमा मन्त्रालय तथा निकायहरुको समग्र कार्यसम्पादनको अवस्था विश्लेषण गर्दा आषाढ मसान्तसम्म सम्पन्न हुनुपर्नेमध्ये क्रियाकलापतर्फ ५२ प्रतिशत र माइलस्टोनतर्फ करिब ५९.३ प्रतिशत माइलस्टोन मात्र सम्पन्न भएका छन्। आषाढ महिनासम्म हासिल भएको माइलस्टोन सम्पन्न प्रगति आ.व. को जेठ महिनासम्मको तुलनामा २० प्रतिशतले बढी हुन आउछ। यसरी हेर्दा आ.व. को कूल सम्पन्न माइलस्टोनमध्ये करिब एक चौथाई माइलस्टोन केवल अन्तिम महिनामा मात्र सम्पन्न भएको देखिन्छ। यसरी आर्थिक वर्षको अन्तिम महिनामा सम्पन्न भएकामध्ये कतिपय माइलस्टोन पहिलो चौमासिकमै सम्पन्न हुनुपर्ने माइलस्टोन समेत रहेका छन्। कोभिड-१९ महामारीको कारण आर्थिक वर्षको पहिलो चौमासिकभित्र सम्पन्न हुनुपर्ने मन्त्रालय तथा निकायहरूका पूर्व तयारीका कार्यहरू (जस्तैः कानून निर्माण तथा संशोधन, सूचना प्रकाशन तथा बोलपत्र आव्हान आदि) प्रारम्भमा आंशिक रूपमा प्रभावित हुनसक्नु यथार्थ मानिएतापनि कोभिड-१९ कै कारण सोही प्रकृतिका क्रियाकलापहरू आर्थिक वर्षको अन्त्यसम्म पनि प्रारम्भ हुन नसक्नु भने निराशाजनक देखिन्छ।(जस्तैः पन्ध्रवटा मन्त्रालय तथा निकायहरूका कानुनी लगायत अन्य तयारीसँग सम्बन्धित ३३ वटा माइलस्टोनको कार्य प्रारम्भ समेत हुन सकेको देखिदैन)। सोही कारण एकातर्फ समग्र मन्त्रालयहरूका सम्पन्न माइलस्टोन तथा क्रियाकलापको प्रगति उत्साहप्रद हुन सकेको छैन भने अर्कोतर्फ विनियोजित पूँजीगत रकममध्ये जम्मा ६५.४ प्रतिशत मात्र खर्च भएको छ। तसर्थ, वार्षिक रूपमा निर्धारण गरिएका लक्ष्य हासिल गर्ने तथा सरकारका नीति तथा कार्यक्रम तथा बजेटबाट प्राप्त विनियोजनको कुशलतापूर्वक पूर्ण परिचालन गर्ने सम्बन्धमा सम्बन्धित मन्त्रालय तथा निकायहरूले गम्भीर ध्यान पुऱ्याउनुपर्ने देखिन्छ।

५.५. मन्त्रालय तथा निकायहरूका आर्थिक वर्ष २०७७।७८ मा प्रारम्भ नै हुन नसकेका क्रियाकलापको अध्ययन गर्दा भौतिक निर्माणसँग सम्बन्धित दुई (२), सेवा सञ्चालन तथा बिस्तारसँग सम्बन्धित दुई (२), रोजगारी सिर्जनासँग सम्बन्धित एक (१), तालिम तथा कार्यक्रम सञ्चालनसँग सम्बन्धित चार (४) र प्रशासकीय प्रकृतिका तीन (३) क्रियाकलाप रहेका छन्।र यी सम्पन्न भएका वा चालु रहेका कृयाकलापको तुलनामा शासकीय प्रणालीमा बहुआयामिक प्रभाव पार्ने प्रकृतिका छन्। कार्य प्रारम्भ हुन नसकेका क्रियाकलापको क्षेत्रगत विभाजन हेर्दा आर्थिक क्षेत्रका अर्थ, कृषि तथा पशुपंछी र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका मात्र ५० प्रतिशत रहेका छन्। बाँकी क्रियाकलापमध्ये पूर्वाधार र सामाजिक क्षेत्रका १७ प्रतिशत र शासकीय सुधार क्षेत्रको ३३ प्रतिशत रहेका छन्। आर्थिक वर्षको

अन्त्यसम्म पनि प्रारम्भ हुन नसकेका क्रियाकलापहरूलाई तालिका १७ मा प्रस्तुत गरिएको छ।

**तालिका १७**

**आर्थिक वर्ष २०७७।७८ मा प्रारम्भ हुन नसकेका क्रियाकलापहरूको मन्त्रालयगत वर्गीकरण**

| क्र.सं. | मन्त्रालय/ निकायको नाम | क्रियाकलाप |
|---|---|---|
| १ | अर्थ | कार्य बोझ र कार्य प्रकृतिका आधारमा आवश्यक नदेखिएका र काममा दोहोरोपना भएका निकाय पहिचान गर्ने। |
| २ | | कार्य बोझ र कार्य प्रकृतिका आधारमा आवश्यक नदेखिएका र काममा दोहोरोपना भएका निकाय खारेज गर्ने। |
| ३ | | सम्झौताको कार्यान्वयन नगर्ने संस्थान उपर कारवाही गर्ने। |
| ४ | कृषि | आ.ब. २०७५/७६ मा सम्झौता भएका/ निर्माणाधीन शित भण्डार गृहहरुको निर्माण कार्य निरन्तरता। |
| ५ | | उत्पादन तथा रोजगार प्रवर्द्धन कार्यक्रम (कोभिड-१९ असर न्यूनीकरण)- १००० जनालाई। |
| ६ | उद्योग | झापा र सर्लाहीमा LPG भण्डारण गृह निर्माण गर्ने। |
| ७ | सञ्चार | नमुनाको रुपमा केही जिल्लामा सञ्चालनगर्ने। |
| ८ | स्वास्थ्य | प्रदेश स्तरमा नेफ्रोलोजी तथा युरोलोजी सेवा बिस्तार गर्न अध्ययन गर्ने। |
| ९ | रक्षा | विपद् व्यवस्थापन अभ्यास सञ्चालन। |
| १० | | संस्थागत तालिम सञ्चालन गर्ने। |
| ११ | | सामूहिक वार्षिक क्याम्प सञ्चालन (२ वटा)। |
| १२ | कानून | राष्ट्रिय मुट कोर्ट प्रतियोगिता। |

(स्रोतः एकीकृत अनुगमन प्रणाली, प्र.म. तथा म.प.कार्यालय))

५.६. यस कार्यालयको एकीकृत अनुगमन प्रणालीमा मन्त्रालयगत रूपमा प्राप्त विवरण अनुसार गत आर्थिक वर्षमा प्रारम्भ हुन नसकेका भनी मन्त्रालय तथा निकायहरूले प्रतिवेदन गरेका उल्लिखित क्रियाकलापमध्ये केही क्रियाकलाप वहुवर्षीयरूपमा सञ्चालन हुने प्रकृतिका रहेका छन् (जस्तैः कृषि तथा पशुपंछी विकास मन्त्रालयको निर्माणाधीन शीतभण्डार निर्माण कार्यको

निरन्तरता)। जसमध्ये यस कार्यालयमा प्राप्त कृषि मन्त्रालयको आर्थिक वर्ष २०७७।७८ को स्वीकृत वार्षिक कार्ययोजनामा उल्लेख भएअनुसार उपरोक्त शीतभण्डार निर्माणको कार्यको सम्झौता आर्थिक वर्ष २०७५।७६ मै निर्माण कार्य प्रारम्भ भएको उल्लेख गरिएकोमा गत आर्थिक वर्षको आषाढ महिनाको प्रगति प्रतिवेदनमा हालसम्म कार्य प्रारम्भ हुन नसकेको भनी उल्लेख गरिएको पाइयो। यसमा शीतभण्डार निर्माणको कार्य सम्बन्धमा अघिल्लो आर्थिक वर्षमा भएको प्रगतिमा यस आर्थिक वर्षमा थप प्रगति नभएको हो वा शीत भण्डारको निर्माण कार्यको सम्झौता पश्चात कुनै पनि कार्य अगाडि नबढेको हो भन्ने सम्बन्धमा सम्बन्धित मन्त्रालयले स्पष्टरूपमा खुलाएको छैन। मन्त्रालयले यस कार्यालयको अनुगमन प्रणालीमा कानुनी जटिलताका कारण कार्य अगाडि बढ्न नसकेको भन्ने उल्लेख गरेतापनि प्रविष्ट कानुनी जटिलता कस्तो प्रकृतिको हो भन्ने बारेमा स्पष्ट खुलाएको भने पाइएन। यसरी दुई आर्थिक वर्ष अगाडि नै निर्माँण सम्झौता भएको कार्यको हालसम्म पनि सम्पन्न नहुनु र सम्बन्धित मन्त्रालयको प्राथमिकतामा नपर्नुले यससँग सरोकार राख्ने तथा लाभान्वित हुने वर्गहरू त्यसबाट बञ्चित भइरहेका छन् भने राज्यले कृषि क्षेत्रको सुधारका लागि लिएका लक्ष्यहरूसमेत समयमै हासिल हुने कार्यमा अवरोध सिर्जना भइरहेको देखिन्छ।

५.७. त्यसैगरी, वर्तमान अवस्थामा कोभिड-१९ महामारीको कारण हजारौ व्यक्ति तथा नागरिकहरू रोजगारबाट बञ्चित हुन पुगेका छन्। सोही कारण नागरिकहरूमा रोजगारीको अवसरबाट बञ्चिति हुदाँका असरहरूलाई न्यूनीकरण गर्ने उदेश्यले कृषि तथा पशुपंछी विकास मन्त्रालयले राखेको उत्पादन तथा रोजगारी प्रवर्द्धन कार्यक्रमसमेत गत आर्थिक वर्षको अन्त्यसम्म कार्यान्वयनमा जान सकेको देखिएन। वर्तमान अवस्थामा रोजगारी सिर्जना सरकारी निकायहरूको प्रमुख प्राथमिकताको विषय हो। तर यस कार्यालयमा मन्त्रालयबाट विवरण अनुसार उक्त कार्यक्रम सञ्चालनको लागि स्रोत सुनिश्चितता नभएको कारण उक्त कार्यक्रम अगाडि बढ्न नसकेको देखिन्छ। कुनै पनि कार्यक्रम तर्जुमा वा प्रस्ताव गर्दाका बखत कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धित मन्त्रालय तथा निकाय र अर्थ मन्त्रालयका बीच पटक-पटक प्रस्तावित कार्यक्रमहरूका सम्बन्धमा छलफलहरू हुने गरेको पाइन्छ। त्यसरी हुने छलफलकै चरणमा त्यस्ता कार्यक्रमको लागि आवश्यक पर्ने रकम तथा त्यसको परिणामको बारेमा टुंगोमा पुगेपछि मात्र सो कार्यक्रमहरूलाई वार्षिक बजेटले सम्बोधन गर्नुपर्ने हो। तर, सरकारले तर्जुमा गर्ने आवधिक योजना, नीति तथा कार्यक्रम एवम् वार्षिक बजेटमा उच्च प्राथमिकतामा राखी सरकारी दस्तावेजहरूमा समावेश भइसकेका यस्ता प्रकृतिका कार्यक्रमहरूको सञ्चालनको लागि नै वित्तीय स्रोत सुनिश्चितता हुन नसक्नुले

सार्वजनिक निकायहरूको विनियोजन कुशलतामाथि प्रश्न चिन्ह खडा गरेको छ। यस्ता विषयहरूको कारण सिर्जना हुने नीतिगत खाडललाई सम्बन्धित निकायहरूले आगामी दिनमा गम्भीरतापूर्वक सम्बोधन गर्नुपर्ने देखिन्छ।

५.८. त्यसैगरी नेपाल सरकारका विगतका नीति तथा कार्यक्रममा समेत समावेश भई गत वर्षको नीति तथा कार्यक्रम एवम् बजेट कार्यक्रममा समेत सम्बोधन भएको कार्यबोझ र कार्यप्रकृतिका आधारमा अनावश्यक देखिएका र कार्यप्रकृतिमा दोहोरोपना भएका नेपाल सरकारका निकायहरूको अध्ययन एवम् विश्लेषण गरी त्यस्ता निकायहरूको खारेज गर्ने कार्यको अर्थ मन्त्रालयबाट कुनै प्रगति नभएको भनी प्रतिवेदन प्राप्त भएको देखिन्छ। उक्त कार्य प्रारम्भ हुन नसक्नुको कारणसमेत प्रतिवेदनमा खुलाएको पाइदैन। प्रशासकीय प्रकृतिको यस क्रियाकलापको कार्यसम्पादनले सरकारको अनावश्यक खर्च कटौतीमा सहयोग पुऱ्याई संगठनहरूलाई चुस्त बनाउन तथा सार्वजनिक स्रोतको महत्तम परिचालनमा सहयोग पुग्ने भएकोले सम्बन्धित मन्त्रालयले उक्त क्रियाकलापको कार्यलाई आगामी आर्थिक वर्षमा निरन्तरता दिई कार्यसम्पन्न गर्नुपर्ने देखिन्छ।

५.९. मन्त्रालय तथा निकायहरूका गत आर्थिक वर्षमा सम्पन्न हुनुपर्नेमध्ये चालु अवस्थामा रहेका माइलस्टोनहरुको सम्पन्न हुनुपर्ने महिनाको आधारमा गरिएको माइलस्टोनको वर्गीकरण तालिका १८ मा प्रस्तुत गरिएको छ।

**तालिका १८**

**आषाढ महिनासम्म सम्पन्न हुनुपर्नेमध्ये काम भइरहेका माइलस्टोनको वर्गीकृत तालिका**

| क्र.सं. | मन्त्रालय/ निकाय | सम्पन्न हुनुपर्ने महिना | | | | | | | | | | | | कूल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पुष | माघ | फागुन | चैत्र | बैशाख | जेठ | आषाढ | |
| १ | अर्थ | | १ | १ | ७ | १ | २ | | १ | ३ | १ | १ | १ | १९ |
| २ | उद्योग | | | | ६ | १० | ५ | २ | ९ | १३ | ११ | १० | ५ | ७१ |
| ३ | ऊर्जा | | | १ | ९ | २ | ९ | ७ | ७ | ७ | १ | ८ | ९४ | १४५ |
| ४ | कानून | | | | | | | | | | | | १ | १ |
| ५ | कृषि | १ | २ | १ | १ | ४ | | ३ | १ | १ | २ | ३ | | १९ |
| ६ | खानेपानी | | १ | | | १ | १ | २ | १ | १ | | ५ | १५ | २७ |
| ७ | गृह | १ | १ | १ | १ | | | १ | १ | | | ५ | ३ | १४ |
| ८ | परराष्ट्र | | | | | | १ | | २ | | २ | ९ | १ | १५ |
| ९ | प्रधानमन्त्री | १ | २ | | २ | २ | ३ | २ | ५ | ३ | २ | ८ | २ | ३२ |

| क्र. सं. | मन्त्रालय/ निकाय | सम्पन्न हुनुपर्ने महिना | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पुष | माघ | फागुन | चैत्र | बैशाख | जेठ | आषाढ | कूल |
| | कार्यालय | | | | | | | | | | | | | |
| १० | भूमि व्यवस्था | | १ | | १ | | १ | | २ | १ | १ | ३ | ३ | १३ |
| ११ | भौतिक पूर्वाधार | | | | | | १ | ३ | ३ | ५ | १ | ४१ | २४ | ७८ |
| १२ | महिला | | | १ | ४ | | १ | | ४ | | | २ | | १२ |
| १३ | युवा | | ४ | | ३ | ५ | ४ | १ | | १ | ५ | ७ | | ३० |
| १४ | रक्षा | | | | १ | | | १ | | १ | | २ | १ | ६ |
| १५ | पुनःनिर्माण प्राधिकरण | | | १ | १३ | ५ | ४ | | ७ | ४ | ४ | १ | ३९ | ७८ |
| १६ | वन | | | १ | ४ | १ | २ | ३ | १ | | २ | ६ | ७ | २७ |
| १७ | शिक्षा | | | | २ | १ | १ | ३ | १ | २ | ३ | १० | २ | २५ |
| १८ | श्रम | | २ | १ | | १ | १ | १ | १ | १ | | | १ | ९ |
| १९ | पर्यटन | | | | | | १ | | २ | १ | ४ | ५ | १३ | २६ |
| २० | सङ्घीय मामिला | | | | १ | १ | ४ | ५ | ३ | ३ | ५ | ३ | २ | २७ |
| २१ | सञ्चार | | | | ४ | २ | | १ | | १ | ३ | ९ | | २० |
| २२ | शहरी विकास | | | | २ | | ६ | ४ | ४ | | ६ | ९ | १६ | ४७ |
| २३ | स्वास्थ्य | | ४ | १३ | ५ | | | | १ | १ | २ | २ | | २८ |
| | कूल | ३ | १८ | २१ | ६६ | ३६ | ४७ | ३९ | ५६ | ४९ | ५५ | १४९ | २३० | ७६९ |

**(स्रोतः एकीकृत अनुगमन प्रणाली, प्र.म. तथा म.प.कार्यालय)**

५.१०. माथिको तालिकाका आधारमा चालु रहेका माइलस्टोनहरुको विश्लेषण गर्दा गत आर्थिक वर्षको श्रावण महिनामा सम्पन्न हुनुपर्ने ३ वटा माइलस्टोन समेत आर्थिक वर्षको अन्त्यसम्म चालु अवस्था रहेको देखिएको छ र यस्तो अवस्था क्रमशः अरु महिनाहरुमा समेत छ। सम्पन्न गर्नुपर्नेमध्ये धेरै माईलस्टोनहरु चालु रहेको मन्त्रलयहरुमा उद्योग उर्जा (१४५ वटा), पुनर्निर्माण प्राधिकरण र भौतिक पूर्वाधार तथा यातायात (७८ वटा ), उद्योग (७१ वटा) तथा शहरी विकास (४७ वटा) रहेका छन्। यस प्रतिवेदनमा विश्लेषण गरिएका २३ वटा मन्त्रालय र निकायहरुमध्ये कुनै पनि मन्त्रालय वा निकायले यस अविधमा सम्पन्न

गर्नुपर्ने सबै माइलस्टोनहरु हालसम्म सम्पन्न गरेको अवस्था छैन। यसको प्रत्यक्ष असर मन्त्रालय तथा निकायहरूले गर्ने बजेट खर्च एवम् हासिल गर्नुपर्ने नतिजामा परेको देखिन्छ। आर्थिक वर्षको आषाढ मसान्तसम्म करिब दुई तिहाई मात्र पूँजीगत खर्च हुनुको कारणहरूमध्ये यो पनि अर्को एक प्रमुख कारण हो।

५.११. मन्त्रालय तथा निकायहरूले नियमित, विकासात्मक र आकस्मिक गतिविधि सञ्चालन गर्नका लागि वार्षिक रूपमा निर्धारण गरेको कार्ययोजनामा उल्लेखित समयसीमामा थोरै फेरबदल हुनु व्यवहारिकताको कसीमा स्वभाविक मान्न सकिएतापनि आ.व. को प्रथम चौमासिकमा मात्र सम्पन्न हुनुपर्ने माइलस्टोन (१०८ वटा), दोस्रो चौमासिक अवधिमा मात्र सम्पन्न हुनुपर्ने माइलस्टोन (१७८ वटा) र अन्तिम चौमासिक अवधिमा सम्पन्न हुनुपर्ने माइलस्टोन (४८३ वटा) आर्थिक वर्षको अन्त्यसम्म पनि सम्पन्न हुन नसक्नुले मन्त्रालय तथा निकायहरूको कार्यसम्पादनको पद्वति सम्बन्धमा सम्बन्धित सरोकारवाला निकायका अतिरिक्त प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समेत गम्भीर पुनरावलोकन एवम् समीक्षा गर्नुपर्ने देखिन्छ। यसरी आर्थिक वर्षको शुरूवातमा सम्पन्न हुनुपर्ने कार्यहरू निर्धारित समयमा सम्पन्न नहुँदा मन्त्रालयहरूलाई बाँकी अवधिमा कार्य दबाब सिर्जना गरेको देखिन्छ भने उक्त कार्य चापका कारण मन्त्रालय तथा निकायहरूले त्यस पश्चातका मासिक लक्ष्यहरू तथा वार्षिक रूपमा निर्धारण गरिएका लक्ष्यहरूको तुलनामा न्यूनतम नतिजासमेत हासिल गर्न नसकेको देखिन्छ।

५.१२. मन्त्रालय तथा निकायहरूको कार्यसम्पादनको प्रवृत्ति तथा सोही कारण सिर्जना भएको कार्यचापको कारण देखिने लक्ष्य र नतिजाबीचको खाडललाई पूरा गर्न वार्षिक कार्ययोजना तर्जुमा सँगसँगै नतिजा सूचकहरूको निर्धारण गरी यस कार्यालयको एकीकृत अनुगमन प्रणालीमा प्रविष्ट गर्ने कार्य गरिएको छ। यसरी निर्धारण गरिएका कार्यसम्पादन सूचकहरूको प्राप्त प्रगतिको आधारमा अनुगमन तथा विश्लेषण गरी उच्च नेतृत्वलाई सूचना प्रवाह गर्ने गराउने अभ्यासलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा संस्थागत गराउने प्रयासहरू हुदैं आएका छन्। यद्यपि कार्ययोजना तर्जुमा सँगसँगै संयुक्त छलफल (सम्बन्धित मन्त्रालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग समेतको उपस्थितिमा) तथा मन्त्रालयगत रुपमा छलफल गरी सम्बन्धित मन्त्रालय तथा निकायको नेतृत्वतहबाट स्वीकृत भएका कार्यसम्पादन सूचकहरूको प्रगति केही निकायहरूबाहेक अधिकांश निकायहरूबाट यस कार्यालयको एकीकृत अनुगमन प्रणालीमा कार्यसम्पादन सूचकमा निर्धारण गरिएको समयसीमा (मासिक, चौमासिक वा वार्षिक) मा नियमित रूपमा प्राप्त भएको पाइदैन। एकातर्फ,

मन्त्रालयहरूबाट नतिजा सूचकहरूको प्रगति प्राप्त गर्न कठिन हुने र अर्कोतर्फ तथ्याङ्क उत्पादन गर्ने स्वंय मन्त्रालयहरूले नै मासिक रूपमा प्रविष्ट गर्ने सूचना तथा तथ्याङ्कहरू कतिपय अवस्थामा द्विविधापूर्ण समेत रहने गरेको पाइन्छ। यो दृष्टान्तले हाम्रो सार्वजनिक संस्थाहरूको कमजोर अभिलेख तथा तथ्याङ्क व्यवस्थापनको पाटोलाई उजागर गरेको छ भने तथ्याङ्क उत्पादन गर्ने सम्बन्धित मन्त्रालय तथा निकायहरू सो सूचनाप्रतिको जवाफदेहिता एवम् उत्तरदायित्व सम्बन्धमा समेत गम्भीर नभएको देखिन्छ।

५.१३. यसैगरी शुरु हुन नसकेका माइलस्टोनमध्ये कतिपय माइलस्टोन (१० वटा) आर्थिक वर्षको प्रथम चौमासिकमै सम्पन्न हुनुपर्ने रहेका छन्। मन्त्रालय तथा निकायहरूको आर्थिक वर्षको स्वीकृत कार्ययोजना अनुसार आषाढसम्ममा सम्पन्न हुनुपर्ने गरी कार्ययोजनामा निर्धारण गरिएका तर आर्थिक वर्षको अन्त्यसम्म पनि शुरु हुन नसकेका माइलस्टोनहरुको वर्गीकृत विवरण तालिका १९ मा प्रस्तुत गरिएको छ।

**तालिका १९**

**सम्पन्न हुनपर्नेमध्ये शुरु नभएका माइलस्टोनको वर्गीकृत तालिका**

| | | सम्पन्न हुनुपर्ने महिना | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | मन्त्रालय/ निकाय | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पुष | माघ | फागुन | चैत्र | बैशाख | जेठ | आषाढ | कूल |
| १ | अर्थ | | | | १ | | १ | | | | | | १ | ३ |
| २ | उद्योग | | | | | | | | | | | १ | ३ | ४ |
| ३ | उर्जा | | | | | | | | | | | | १ | १ |
| ४ | कानून | | | | | | | | | १ | | | | १ |
| ५ | कृषि | | | | | ४ | ३ | २ | १ | १ | १ | २ | १ | १५ |
| ६ | खानेपानी | | | | | | | | | २ | | | १ | ३ |
| ७ | परराष्ट्र | | | | १ | | | | | | १ | | | २ |
| ८ | प्रधानमन्त्री कार्यालय | १ | | | | | | | | | | | | १ |
| ९ | रक्षा | | | | | | | | १ | २ | १ | | २ | ६ |
| १० | पुनःनिर्माण प्राधिकरण | | | | | | | | १ | | | १ | ११ | १३ |
| ११ | वन | | | | १ | | | | | १ | | १ | | ३ |

| | | सम्पन्न हुनुपर्ने महिना | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | मन्त्रालय/ निकाय | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पुष | माघ | फागुन | चैत्र | बैशाख | जेठ | आषाढ | कूल |
| १२ | श्रम | | | | | | १ | | | | | | | १ |
| १३ | शहरी | | | | | | | | | | | | १ | १ |
| १४ | सञ्चार | | | | | १ | २ | १ | | २ | २ | १ | | ९ |
| १५ | स्वास्थ्य | | २ | २ | २ | ३ | | | | १ | | १ | | ११ |
| कूल | | १ | २ | २ | ५ | ८ | ७ | ३ | ३ | १० | ५ | ७ | २१ | ७४ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली, प्र.म. तथा म.प.कार्यालय)

५.१४. माथि तालिकामा देखाइए जस्तै गत आर्थिक वर्षको श्रावण महिनामा सम्पन्न हुनुपर्ने माइलस्टोनको कार्य समेत आर्थिक वर्षको अन्त्यसम्म शुरु हुन नसकेको देखिएको छ र यो अवस्था अन्य महिनाहरूको हकमा समेत देखिएको छ। यसरी आर्थिक वर्षको प्रारम्भमै सम्पन्न हुनुपर्ने कार्य आर्थिक वर्षको अन्त्यसम्म पनि शुरू गर्न नसक्नुका मन्त्रालय तथा निकायहरूले प्रतिवेदन गरेका कारणहरू हेर्दा कूल शुरू हुन नसकेकामध्ये करिब एक तिहाई कार्यहरू (२३ वटा) मन्त्रालयहरूको आवश्यक पूर्वतयारी कमजोर भएको कारणले हुन नसकेको देखिन्छ। यसको अर्थ मन्त्रालय तथा निकायहरूको कार्ययोजना निर्माण वा कार्यक्रम निर्धारणमै समस्या रहेको छ अथवा मन्त्रालयहरुले कार्ययोजना बमोजिमको कार्यसम्पादनलाई प्राथमिकता नदिएको हुन सक्ने देखिन्छ। यी दुई बाहेक अन्य अवस्था सिर्जना भएको भए सो कुरा नियमित प्रतिवेदनमा उल्लेख भएको हुनुपर्थ्यो, सो समेत भएको पाइदैन। अन्तर मन्त्रालयको समन्वयमा गर्नुपर्ने कार्यहरुमा समेत प्रयाप्त समन्वयको कमी हुनुले कार्य सम्पादनमा व्यवधान आएको हुन सक्ने अनुमान गर्न सकिन्छ।

५.१५. मन्त्रालयहरुबाट प्राप्त विवरण अध्ययन गर्दा आषाढ मसान्तसम्म शुरु वा सम्पन्न हुनुपर्ने माइस्टोनमध्ये शुरु हुन नसकेका माइलस्टोनको कारणहरु देहाय बमोजिम रहेका छन्:

तालिका २०

## कार्य शुरु हुन नसकेका माइलस्टोनका कारणहरु

| क्र.सं. | निकाय | शुरु हुन नसक्नुका कारणहरु** | | | | | | | | कूल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | (१) | (२) | (३) | (४) | (५) | (६) | (७) | (८) | |
| १ | अर्थ | | | | १ | | | | २ | ३ |

| क्र.सं. | निकाय | शुरु हुन नसक्नुका कारणहरु** | | | | | | | | कूल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | (१) | (२) | (३) | (४) | (५) | (६) | (७) | (८) | |
| २ | उद्योग | ३ | | | | | | | १ | ४ |
| ३ | उर्जा | १ | | | | | | | | १ |
| ४ | कृषि | २ | ६ | | २ | १ | ४ | | | १५ |
| ५ | खानेपानी | | | १ | | | २ | | | ३ |
| ६ | परराष्ट्र | | | १ | १ | | | | | २ |
| ७ | प्रधानमन्त्री कार्यालय | १ | | | | | | | | १ |
| ८ | कानून | १ | | | | | | | | १ |
| ९ | रक्षा | ४ | | १ | | | १ | | | ६ |
| १० | पुनःनिर्माण | १ | | ९ | | ३ | | | | १३ |
| ११ | वन | | १ | | | | | २ | | ३ |
| १२ | श्रम | | | १ | | | | | | १ |
| १३ | सञ्चार | | २ | ४ | | १ | | | २ | ९ |
| १४ | शहरी विकास | | | | | १ | | | | १ |
| १५ | स्वास्थ्य | १ | १ | ६ | १ | २ | | | | ११ |
| कूल | | १४ | १० | २३ | ५ | ८ | ७ | २ | ५ | ७४ |

(स्रोतः एकीकृत अनुगमन प्रणाली, प्र.म. तथा म.प.कार्यालय)

**(१) कोभिड -१९ बाट प्रभावित (२) कानुनी तयारी पूरा नभएको (३) आवश्यक अन्य तयारी पूरा नभएको (४) अन्य निकायको कारण प्रभावित भएको/अन्तरनिकाय समन्वयको अभाव (५) जग्गा प्राप्त नभएको (६) आर्थिक स्रोत प्राप्त नभएको (७) नियमनकारी निकायको कारण प्रभावित (८) कारण नखुलेको**

५.१६. माथिको तलिकालाई विश्लेषण गर्दा आर्थिक वर्ष २०७७।७८ मा सम्पन्न हुनुपर्नेमध्ये कार्य शुरु हुन नसक्नुका कारणहरुमा कोभिड-१९ एउटा कारणको रुपमा देखिएको छ र यो कारणबाट कार्य शुरु हुन नसकेका विभिन्न मन्त्रालय तथा निकायका गरी कूल १४ वटा

माइलस्टोन रहेका छन्। तर आर्थिक वर्षको अन्तिमसम्म आइपुग्दा समेत कार्य प्रारम्भ हुन नसक्नुको कारणमा कोभिड-१९ नै भनी विभिन्न मन्त्रालय तथा निकायहरूबाट कारण उल्लेख हुनुले निकायहरुले उक्त वार्षिक कार्ययोजनामा उल्लेखित कार्य सम्पन्न गर्नको लागि कुनै पनि बैकल्पिक उपायको खोजी नगरेको अवस्था देखिन्छ। कोभिड-१९ महामारीको प्रथम लहरको समयमा भएको जारी गरेकोनिषेधाज्ञाको कारण मन्त्रालयहरूले वार्षिक रूपमा निर्धारण गरिएका कार्यहरू पूर्ण रूपमा प्रभावित भएका थिए। तर, हालको दोस्रो लहरका सन्दर्भमा सरकारले बन्दाबन्दी तथा निषेधाज्ञाका समयमा समेत स्वास्थ्य सुरक्षाका मापदण्डको पालना गरी विकास निर्माण लगायतका पूर्वाधार निर्माण एवम् ठूला आयोजनाहरूको कार्य सञ्चालन गर्न अनुमति प्रदान गरेको, निर्माण सामग्रीको अभाव हुन नदिनको लागि निश्चित समय तोकी ढुवानीको प्रबन्ध गरी विकासका गतिविधिहरूलाई नियमित गराउने प्रयास गरेकोले कोभिड-१९ महामारीको प्रथम लहरको तुलनामा अहिले कम प्रभाव पर्ने अपेक्षा गरिनु स्वभाविक पनि हो। तर मन्त्रालयहरूबाट प्राप्त प्रगति विवरणमा उल्लेखित कारणहरूको अध्ययन तथा विश्लेषण गर्दा भने अघिल्लो आर्थिक वर्ष र आर्थिक वर्ष २०७७।७८ मा कोभिड-१९ महामारीको प्रभावमा तात्विक भिन्नता नपरेको जस्तो देखिन्छ। यसर्थमा कोभिड-१९ महामारीबाट शासकीय तथा विकास निर्माणका गतिविधिहरूलाई सरकारका नीति तथा कार्यक्रम एवम् बजेट कार्यक्रमले सुनिश्चितता गरेबमोजिमको समय, लागत र गुणस्तरमा सम्झौता नगरी मन्त्रालय तथा निकायहरूले यसका वैकल्पिक विधि तथा उपायहरूको खोजीमा संवेदनशील भई लाग्नुपर्ने देखिन्छ।

५.१७. त्यसैगरी, कतिपय माइलस्टोनको कार्य मन्त्रिपरिषद्को निर्णयको कारण अगाडि नबढेको देखिएको छ (जस्तैः वन मन्त्रालयको वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम)। अघिल्लो आर्थिक वर्षको शुरूवातबाट नै सञ्चालनमा रहेको उक्त कार्यक्रम गत आर्थिक वर्षको दोस्रो चौमासिकमा मन्त्रिपरिषद्बाट काम नै अगाडि नबढाउने गरी निर्णय भएको त्यस पश्चात उक्त काम अगाडि बढाउन नसक्ने अवस्था हुँदा पनि त्यस्ता कार्यक्रमहरू संसोधन गरी त्यसको स्रोत अन्य कार्यमा परिचालन गर्न सकिने अवस्था हुन सक्थ्यो। तर, उक्त कार्यक्रम मन्त्रिपरिषद्को निर्णयबाट रोकिएपछि कार्यक्रम संशोधन गरी विनियोजित स्रोतको उपयुक्त परिचालनमा सम्बन्धित निकायको ध्यान पुग्न नसकेको देखिन्छ।

५.१८. आवश्यक पूर्वतयारीका कार्यहरु पुरा नभएको कारण उल्लेख गरी कार्य शुरु नभएका २३ वटा माइलस्टोहरु रहेका छन्, जुन शुरु हुन नसकेका माइलस्टोनहरु मध्ये सबैभन्दा धेरै हो र यसो हुनु स्वभाविक पनि हो। किनभने माथि तालिकाहरुमा उल्लेख भए जस्तो

आर्थिक वर्षको प्रारम्भमै शुरु वा सम्पन्न गर्नुपर्ने कार्यहरु हालसम्म समेत शुरु वा सम्पन्न हुन नसक्नुले त्यसपछि गर्नुपर्ने कार्यहरु स्वतः प्रभावित हुने कुरा स्वयंसिद्ध हुन्छ।

५.१९. अन्य निकायको कारणले प्रभावित भई शुरु नभएका ५ वटा माइलस्टोनहरु मध्ये केही अन्य निकायको मागमा आधारित रहेका र केही अन्य निकायको सहयोग वा सहमति आवश्यक पर्ने र सो सहमति प्राप्त नभएका माइलस्टोनहरु रहेका कारणले ती निकायहरुको सहयोगका लागि थप समन्वय गर्नु जरुरी देखिन्छ। साधारणतया अन्य निकायको सहमति आवश्यक पर्ने विषयहरुमा सहमति प्रदान गर्न ढिलाई हुने, सहमति प्रदान नगर्ने जस्ता विषयहरु अन्तर निकाय समन्वयबाट समाधान हुने विषहरु हुन् भने थप सहजीकरणको आवश्यकता पर्ने विषयहरुमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहयोग लिनु उपयुक्त हुन्छ।

५.२०. जग्गा प्राप्त नभएको वा जग्गा प्राप्तिमा भएको ढिलाईको कारणले प्रभावित भई आषाढसम्ममा सम्पन्न हुनुपर्नेमध्ये शुरु नभएका माइलस्टोनहरुको संख्या ८ रहेको छ भने आर्थिक स्रोतको अभावले ७ वटा माइलस्टोन शुरु हुन नसकेको देखिन्छ। आयोजना निर्माण स्थलको सुनुश्चितता नभई वा आर्थिक स्रोतको सुनिश्चितता नै नभई आयोजना निर्माण सम्पन्न गर्ने लक्ष्य राख्नु आफैमा योजना तर्जुमामा भएको कमजोरी हो भन्न सकिन्छ भने अर्कोतर्फ सम्बन्धित निकायहरुले समेत जग्गा तथा आर्थिक स्रोत प्राप्तिमा प्रयाप्त प्रयास नगरेको हुन सक्दछ। त्यसैगरी आर्थिक वर्षको वार्षिक कार्यक्रममा समावेश गरेको कार्यका लागि आर्थिक वर्षभरी पनि आर्थिक स्रोतको जोहो गर्न नसक्नु सम्बन्धित निकायको ठूलो कमजोरी समेत हो भने कार्ययोजनामा समावेश भएका कार्यक्रमहरूका लागि उक्त कार्यमा सहजीकरण गर्नु समेत अन्तरसम्बन्धित निकायहरूको समेत दायित्व हुन आउछ। सो तर्फ मन्त्रालय तथा निकायहरूले उचित ध्यान दिएको देखिदैन।

५.२१. कुनै कारण उल्लेख नगरिएका तर आषाढ मसान्तसम्म सम्पन्न हुनुपर्नेमध्ये शुरू नभएका माइलस्टोनको संख्या ५ रहेको छ। यसरी कार्य शुरू हुन नसकेको स्पष्ट कुनै कारण उल्लेख गर्न नसक्नुमा उक्त माइलस्टोनको कार्यसम्पादन एवम् प्रतिवेदन कार्य निकायहरूको प्राथमिकतामा नपरेको हो कि भन्ने अनुमान गर्न सक्ने अवस्था रहन्छ। प्राप्त विवरण एवम् माथि गरिएको विश्लेषण समेतका आधारमा मन्त्रालय/निकायहरुले मुख्यतः निम्न विषयहरुमा ध्यान दिएमा निकायहरूको आगामी कार्यसम्पादनलाई थप नतिजामूखी र परिणाममुखी बनाई निर्धारित वार्षिक लक्ष्य समयमै हासिल गर्न सकिने देखिन्छः

(क) कोभिड-१९ को दोस्रो लहरको प्रभाव हालसम्म पनि कायम नै रहेको र तेस्रो लहरको समेत सम्भावना रहेकोले सम्बन्धित मन्त्रालय तथा निकायहरूले आवश्यक स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई सतर्कताका साथ आयोजना तथा विकासका कार्यक्रमहरुलाई सञ्चालन गर्न प्राथमिकता प्रदान गर्ने।

(ख) अन्तर निकाय समन्वयको कमीले गति लिन नसकेका क्रियाकलापहरुका लागि समन्वयको कार्य प्रभावकारी बनाउने र आवश्यक भएमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहयोग लिने।

(ग) विगतदेखिका अभ्यासहरूलाई समेत मध्यनजर गर्दा आर्थिक वर्षको अन्तिम समयमा भौतिक निर्माणका कार्यहरू व्यापक रुपमा सञ्चालनहुने देखिएकोले सो कार्यसँग सम्बन्धित मन्त्रालय तथा अनुगमनकारी निकायहरूले तदारूकताका साथ त्यस्ता क्रियाकलापहरूको परिमाण र गुणस्तरमा समेत ध्यान दिई कार्य सञ्चालनगर्नुपर्ने।

(घ) आर्थिक वर्षभित्रै प्रारम्भ भई सम्पन्न समेत हुनुपर्ने क्रियाकलाप तथा माइलस्टोन जुन हालसम्म पनि शुन्यताको अवस्थामा रहेका छन्, त्यस्ता कार्यहरूलाई यथासिघ्र शुरू गरी कार्य अगाडि बढाउन सम्बन्धित मन्त्रालय, निकाय तथा आयोजनाहरूले छुट्टै कार्ययोजना निर्माण गर्ने तथा बहुवर्षीय क्रियाकलापहरूका हकमा त्यस्ता क्रियाकलाप तथा माइलस्टोन चालु आर्थिक वर्षको कार्ययोजनामा समावेश गरी प्राथमिकताका साथ कार्यान्वयन प्रक्रियालाई अगाडि बढाउने प्रबन्ध गर्ने। त्यसरी आर्थिक वर्षमै प्रारम्भ वा सम्पन्न हुनुपर्नेमा सो नभएका क्रियाकलापको समेत छुट्टै अनुगमन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उचित प्रबन्ध गर्नुपर्ने, प्रधानमन्त्री कार्यालयले सम्बन्धित विषयक्षेत्र एवम् निकायसँग सम्बन्धित शाखाहरु थप परिचालित हुने।

(ङ) मन्त्रालय तथा निकायहरूले नया कानून निर्माण तथा संशोधनका चरणमा एक आपसमा आवश्यक राय तथा सहमति प्रदान गर्नुपर्ने विषय यथाशीघ्र सम्पन्न गर्ने तथा सहमति प्रदान गर्न नसकिने भएमा समेत आफ्नो निकायको राय छिटो उपलब्ध गराउने पद्धतिको थालनी गर्नुपर्ने, (जस्तैः यस आर्थिक वर्षको हकमा कृषि तथा पशुपंछी विकास मन्त्रालयले अन्त्यसम्म पनि कार्यविधि स्वीकृति नगर्दा स्रोत बीउ सम्बन्धी कार्यक्रम हालसम्म पनि अगाडि बढ्न नसकेको।

(च) मन्त्रालय तथा निकायहरूले कुनै कार्यक्रम सञ्चालन गर्न नसकिने भनी सो कार्यक्रमका लागि विनियोजित बजेट नै अर्थ मन्त्रालयमा समर्पण गरिसकेको अवस्थामा उक्त कार्यक्रम

पनि संशोधन हुनुपर्ने संसोधित कार्ययोजना प्रणालीमा अध्यावधिक गर्ने परिपाटी विकास गर्ने।

(छ) कोभिड-१९ महामारीको दोस्रो लहरका कारण भौतिक रूपमा सञ्चालन नसकिने तर Virtual रुपमा सञ्चालन गर्ने मिल्ने कार्यहरूको Virtual रुपमा सञ्चालनगर्ने।

(ज) मन्त्रालय तथा निकायहरूले वार्षिक कार्यक्रमका रूपमा प्रस्ताव गर्ने कार्यक्रमहरूको स्वीकृतिको चरणमै स्रोत सुनिश्चितता गर्ने तथा स्रोत सुनिश्चितता/व्यवस्था नभएका तथा पूर्वतयारी सम्पन्न नभएका आयोजना तथा कार्यक्रमहरूलाई वार्षिक रूपमा बजेट विनियोजन गर्ने परिपाटीको अन्त्य गर्नुपर्ने।

(झ) नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम बजेट कार्यक्रममा समावेश भई मन्त्रालय तथा निकायहरूको स्वीकृत वार्षिक कार्ययोजनामा समावेश भएका क्रियाकलाप तथा माइलस्टोनको कार्यसम्पादनप्रति सम्बन्धित निकायहरूलाई जवाफदेही बनाउनुपर्ने। यसका लागि नेतृत्वस्तरमा नतिजा सूचकसहितको कार्यसम्पादन करार गरी सो को आधारमा संस्थागत तथा नेतृत्वको कार्यसम्पादन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्नुपर्ने।

(ञ) मन्त्रालय तथा निकायहरूको अभिलेख व्यवस्थापनलाई सुदृढ एवम् चुस्त, दुरुस्त बनाई निकायहरूबाट प्राप्त तथ्याङ्कहरूमा एकरूपता र नियमितता प्रदान गर्न नेपाल सरकारका सम्बन्धित निकायहरूबाट यस कार्यालयको अनुगमन प्रणालीको एकीकृत र बृहत्तर प्रयोगलाई प्राथमिकता दिने। साथै, मन्त्रालय तथा निकायहरूको योजना तथा अनुगमन मूल्याङ्कन महाशाखामा कार्यरत जनशक्तिहरूलाई संस्थागत संस्मरणका लागि आवश्यकता अनुसार यस सम्बन्धी क्षमता विकास तालिम प्रदान गर्ने कार्यलाई प्राथमिकता दिने।

(ट) सबैलाई कोभिड-१९ विरुद्धको खोप उपलब्ध हुनु आफैमा विकास र सेवा प्रवाहको सूचक हो। खोपको उलपब्धताको आधारमा उत्पादन तथा आधारभूत सेवा, आर्थिक क्रियाकलाप वृद्धिका क्षेत्र र सामाजिक क्षेत्रका क्रियाकलापहरुमा अग्रपंत्तिमा रही काम गर्ने जनशक्तिलाई उच्च प्राथमिकताका आधारमा कोभिड-१९ विरुद्धको खोप प्रदान गर्ने।